# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८१

# तथा

# कार्यान्वयनका लागि पाँच वर्षे विस्तृत कार्ययोजना

## २०८१/८२ - २०८५/८६

**मस्यौदा सहयोग तथा सहजिकरण :**

न्याय तथा अधिकार संस्था -नेपाल (जुरी नेपाल)

ज्वागल, ललितपुर

सहयोग तथा सहकार्य :

संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (यू.एन.एफ.पी.ए.)

बौधिमाई नगरपालिका

रौतहट जिल्ला, मधेश प्रदेश

बैशाख २०८२

Scanned with CamScanner

## विषयसूची


**परिच्छेद–१** .................................................... 1

पृष्ठभूमि .................................................... 1

१.१ अन्तर्राष्ट्रिय संयन्त्र तथा नेपालले गरेका प्रतिवद्धता .......... 1

१.२ राष्ट्रिय कानूनी व्यवस्थाहरु .......... 3

१.३ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमा मधेश प्रदेशको अवस्था .......... 5

१.४ प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९ .......... 7

१.५ मानव अधिकारका सिद्धान्तहरु .......... 7

**परिच्छेद–२** .................................................... 9

लैससासको प्रवर्धनमा बौधिमाई नगरपालिकाको प्रयास .......... 9

२.१ लैससास प्रवर्धनमा बौधिमाई नगरपालिकाको कानून, नीति तथा कार्यक्रम .......... 9

२.२ लैससास कार्यान्वयनमा समस्या, चुनौती र अवसरहरु .......... 12

२.३ बौधिमाई नगरपालिकामा कार्यरत सरोकारवालाहरुको नक्साङ्कन .......... 14

२.५ लैससास सम्बन्धी आधारभूत सिद्धान्तहरु .......... 17

**परिच्छेद - ३** .................................................... 19

**बौधिमाई नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति** .......... 19

३.१ बौधिमाइ नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१ .......... 19

३.२ दीर्घकालीन सोच .......... 19

३.३ दीर्घकालीन लक्ष्य .......... 19

३.४ उद्देश्यहरु .......... 19

३.५ परिभाषा .......... 20

३.६ लैससास नीति तथा रणनीतिहरु .......... 22

**परिच्छेद–४** .................................................... 25

**संस्थागत संरचना तथा अनुगमन** .......... 25

४.१ लैससास नीति तथा कार्ययोजना २०८१ को कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समिति .......... 25

४.२ वडास्तरीय अनुगमन तथा मूल्याङ्कन उपसमिति .......... 25

४.३ समितिको काम कर्तव्य र अधिकार .......... 25

४.५ पालिकास्तरीय लैससास शाखा तथा उपशाखाको स्थापना .......... 26

४.६ पालिकास्तरीय लैससास शाखाको काम कर्तव्य र अधिकार .......... 26



प्रदिप कुमार यादव
नगर प्रमुख
बौधिमाई नगरपालिका
रौतहट

४.७ वडास्तरीय लैससास उपशाखाको काम कर्तव्य र अधिकार ....... 27

४.८ समन्वय, सहकार्य तथा सम्प्रेषण ....... 27

परिच्छेद–५ ....... 29

लैससास नीति तथा रणनीतिको कार्यान्वयन ....... 29

५.१ नीतिको कार्यान्वयन ....... 29

५.२ आर्थिक स्रोत ....... 29

५.३ मानवीय स्रोत ....... 29

५.४ नीतिको पुनरावलोकन तथा सुधार ....... 29

५.५ खारेजी तथा बचाउ ....... 29

परिच्छेद–६ ....... 30

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८१ कार्यान्वयनको पाँच वर्षे विस्तृत कार्ययोजना २०८१/८२ - २०८५/८६ ....... 30

६.१ उद्देश्य ....... 30

६.२ औचित्यता ....... 30

६.३ नीति तथा कार्ययोजना तयारी विधि तथा प्रक्रिया ....... 30

६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न तयार गरिएको पाँचवर्षे विस्तृत कार्ययोजना २०८१/८२-२०८५/८६ ....... 32


प्रदिप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
यमुनामाई, रौतहट

Scanned with CamScanner

## परिच्छेद–१

# पृष्ठभूमि

## १.१ अन्तर्राष्ट्रिय संयन्त्र तथा नेपालले गरेका प्रतिवद्धता

समानता, स्वतन्त्रता, सामाजिक न्याय, र कानुनी शासन लोकतान्त्रिक राज्य व्यवस्थाको प्रमुख विशेषता हो । समानता तथा समावेशिता सामाजिक न्याय र कानुनी शासनको मुख्य कडी हो । जसले सम्पुर्ण व्यक्तिलाई समान अधिकार, सहभागिता, प्रतिष्ठा र अस्तित्व तथा पहिचानको सुनिश्चितता गर्दछ । कुनै पनि व्यक्ति तथा समुदायहरुमाथि कुनै पनि प्रकारको भेदभाव वा पक्षपात विरुद्धको अधिकारनै समानताको अधिकार हो । यसले राज्यमा कुनै पनि व्यक्तिमाथि जातजाति, भाषा, धर्म, वर्ण, लिङ्ग वा कुनै पनि आर्थिक, सामाजिक, राजनैतिक र धार्मिक लगायत अन्य आस्थाका कारण गरिने भेदभाव विरुद्धको अधिकारलाई सुरक्षित गर्दछ र यो मानव अधिकारको मेरुदण्ड हो । त्यसैले लैङ्गिक समानता तथा सामाजिक समावेशिता मानव अधिकारको प्राप्तीको लागि उठाउदै आएको मुख्य विषयवस्तु हो । लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई राष्ट्रिय एवं अन्तराष्ट्रिय मानव अधिकार सम्वन्धी विभिन्न दस्तावेजले दिगो विकासका सूचकहरुमा भौतिक संरचना र सुविधामात्रै पर्याप्त नभई लामो समयदेखि विभिन्न कारणले विकासको मूलधारबाट पछाडी पारिएका महिला, दलित, जनजाति, पिछडावर्ग, लैङ्गिक हिसाबाट प्रभावित व्यक्ति, धार्मिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलगायत अन्य सीमान्तकृत समुदायका व्यक्तिहरुले आत्मसम्मान, स्वतन्त्रता, सहभागिताका साथै समानताको अनुभूति पनि महत्वपूर्ण सूचकको रुपमा मानेका छन् ।

मानव अधिकारका अधिकांस दस्तावेजहरुले लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई मानव अधिकारको रुपमा प्रत्याभूत गरेको भए तापनि विशेष गरी मानव अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय घोषणापत्र, १९४८, नागरिक तथा राजनैतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९; बाल अधिकारसम्वन्धी महसन्धि, १९८९; द्वन्द्वबाट महिला र बालबालिकाको संरक्षण गर्ने घोषणापत्र, १९७४; महिला विरुद्धको हिंसा उन्मूलनसम्वन्धी घोषणापत्र, १९९१; अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्वन्धी महासन्धि, २००६; सबै किसिमको जातीय भेदभाव उन्मूलन गर्ने सम्वन्धी महासन्धि, १९६५; र संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्बाट महिला, शान्ति र सुरक्षाका सम्वन्धमा पारित प्रस्ताव न १३२५, संयुक्त राष्ट्रसंघ महिला तथा बालिकाहरूमाथि हुने यौन हिंसा विरुद्धको प्रस्ताव नं. १८२०, प्रस्ताव नं. १८८८, का साथै अन्तर्राष्ट्रिय श्रम संगठन (आई.एल.ओ) ले जारी गरेका समान कामका लागि समान पारिश्रमिकसम्वन्धी महासन्धि, १९५१, ९.न १००० र रोजगार तथा व्यवसायमा हुने बिभेदसम्बन्धी महासन्धि (आईएओ महासन्धि १११), आदिवासी तथा जनजातिसम्वन्धी महासन्धि, १९८९ ९नं १६९० र निकृष्ट प्रकारको बालश्रम विरुद्ध महासन्धि, १९९९ (न. १८२) प्रमुख हुन् । साथै महिलाको यौन तथा प्रजनन स्वास्थ्य अधिकारको सरक्षणको सम्वन्धमा सन् १९९४ मा कायरोमा भएको जनसंख्या तथा विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (ICPD) र यसको कार्ययोजनालाई विशेष रुपमा लिन सकिन्छ

। यस सम्मेलनले लैङ्गिक समानता, महिला सशक्तिकरण, महिलाहरूको प्रजनन् स्वास्थ्य र अधिकार महिला मानव अधिकारको रुपमा स्थापित गरी राष्ट्रिय र विश्वव्यापी विकासको क्रममा कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिएको छ । मातृमृत्यु दर घटाउने, शिशु र बालमृत्युदर घटाउने, किशोर किशोरीहरुको प्रजनन स्वास्थ्य अधिकार, प्रजनन स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्ने जस्ता महत्वपूर्ण विषयहरुलाई ICPD को कार्यान्वयनले विशेष प्राथमिकता दिएको छ । नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय दस्तावेजहरु नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२)अनुसार सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो ।

**बेइजिङ्ग सम्मेलनको घोषणापत्रका १२ वटा विशेष सवालहरु:** सन् १९९५ मा चौथौ अन्तर्राष्ट्रिय महिला सम्मेलन जसलाई बेइजिङ सम्मेलन पनि भनिन्छ । यस सम्मेलनले महिला अधिकारलाई मानव अधिकारका रुपमा मान्यता दिँदै लैङ्गिक समानताको प्रवर्धनमा १२ वटा विषेश सवालहरुसहित पास पारित गरेको बेइजिङ घोषणापत्र र कार्ययोजनाले लैङ्गिक समानता, महिला सशक्तिकरण, महिलाको स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्दै प्रजनन स्वास्थ्य र अधिकारमा प्राथमिकता महिला र गरिवी, महिला शिक्षा र तालिम, महिलाविरुद्धको हिंसा, महिला र सशस्त्र सङ्घर्ष, महिला र अर्थतन्त्र, शक्ति र निर्णयमा महिलाको नेतृत्व, महिला र सञ्चार, महिला र वातावरण जस्ता सवाललाई समानता समावेशिता दिशामा मार्गनिर्देशन गरेको छ । बेइजिङ घोषणापत्रको ३० वर्ष पूरा भई सन् २०२५ को मार्च महिनामा कार्ययोजनाको पुनरावलोकनले विश्वभर महिला अधिकारका क्षेत्रमा भएका प्रगति र चुनौतीहरुको मूल्यांकन गरिएको छ । यसरी प्रत्येक पाँच वर्षमा गर्ने पुनरावलोकनले स्थानीय सरकारल विकासको मूलधारमा सो सवालहरुलाई स्थानीयकरण गर्न कस्तो भूमिका निर्वाह गरेको छ भन्ने विषय पनि महत्वपूर्ण हुन्छ ।

**जाकार्टा सिद्धान्त :** यौनिक तथा लैङ्गिक अल्पसख्यकहरुको अधिकार सम्बन्धमा सन् २००६ मा घोषणा गरेको जकार्टा सिद्धान्तलाई प्रमुख रुपमा लिन सकिन्छ । त्यो पछि लैङ्गिक समानता भनेको महिला र पुरुषमा मात्र सीमित रहनु हुन्न भन्ने पक्षलाई संयुक्त राष्ट्रसघको मानव अधिकार परिषद्बाट विभिन्न समयमा पास गरेका प्रस्तावनाहरुले यौनिकताको आधारमा यी समुदायहरुमाथि भैरहेको हिंसा, भेदभाव, लाञ्छना तथा बञ्चितीकरणलाई निषेध गर्नुपर्ने कुरा पास गरेको छ । फलस्वरुप नेपालले पनि यौनिक तथा लैङ्गिक अल्पसख्यकको आधारमा भेदभाव गर्न नहुने कुरा मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ ।

**दिगो विकास लक्ष्य :** संयुक्त राष्ट्रसघको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । यी लक्ष्यहरुले गरिबीको रेखामुनि रहेका नागरिक, बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, पछाडी पारिएका समुदाय जस्तै, दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेटेका छन् । दिगो विकास लक्ष्य ४ र ५ लैङ्गिक समानतासँग प्रत्यक्ष रुपमा जोडिएका छन् जस्तै लक्ष्य ४ ले समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता र लक्ष्य ५ ले लैङ्गिक समानता कायम गर्ने उद्देश्य लिएको छन् । दिगो विकास लक्ष्यले समावेशी संस्थाहरू तथा प्रणालीहरूको विकास र तिनको निरन्तरतालाई पनि उत्तिकै जोड दिएको छ। सयुक्त राष्ट्रसधीय संकल्प अन्तर्गत हाम्रो विश्वको रूपान्तरण:



प्रदीप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
यमुनामाई, रौतहट

दिगो विकासका लागि सन् २०३० को एजेण्डा' मा अति विपन्नता लगायत सबै खालका गरिबीको उन्मूलन गर्ने, बाल विवाह तथा लैङ्गितामा आधारित हिंसा अन्त्य गर्ने, मातृमृत्य दर कम गर्ने भन्ने सिद्धान्तसहित विश्व समुदायमा समानता र समावेशिताद्वारा दिगो विकासलाई प्राथमिकता दिएको छ । चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसंग लड्न र पछाडि परेका व्यक्ति र समूहको द्रुत गतिमा प्रगती गर्नका लागि **'कोही पनि पछाडि नछुटून् (Leave No One Behind)** भन्ने मुख्य सिद्धान्तलाई दिगो विकास लक्ष्यहरुले अङ्गीकार गरेको छ । दिगो विकास लक्ष्यलाई स्थानीयकरण गर्ने र आफ्ना योजना तथा बजेट मार्फत सम्बोधन गर्ने दायित्व स्थानीय सरकारमा रहेको छ ।

## १.२ राष्ट्रिय कानूनी व्यवस्थाहरु

**नेपालको संविधान, २०७२ :** न्यायिक समाज स्थापनाको लागि लैससास अपरिहार्य विषय हो जुन नेपालको संविधानको आधारभूत शर्त तथा मान्यता हो । वि.स.२०७२ सालमा संघीय गणतन्त्रात्मक व्यवस्थासहितको संविधानको प्रस्तावनामा नै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरेको पाइन्छ । संविधानले समानतालाई सामाजिक न्याय सुनिश्चित गर्ने प्रमुख आधारको रुपमा लिएको छ । समानता तथा समतामूलक समाज निर्माणको लागि जातजाति, भाषा, धर्म, लैङ्गिक, वर्गीय, क्षेत्रीय तथा सामाजिक, आर्थिक, राजनीतिकलगायत कुनै पनि आधारमा भेदभाव गर्न नहुने र समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा देशको विकास गर्नुपर्ने कुरालाई स्वीकारेको छ । संविधानको मौलिक हक अन्तर्गत धारा १६ ले सबै व्यक्तिहरुको सम्मानपूर्वक बाच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाकोहक, धारा ३९ ले बालबालिकाको हक, धारा ४० ले दलितको हक, धारा ४१ ले जेष्ठ नागरिकको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ज) ले सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीतिको व्यवस्था गर्नुका साथै धारा ५२ ले मौलिक हक कार्यान्वयनका लागि राज्यले गर्नुपर्ने दायित्वको समेत व्यवस्था गरेको छ । संविधानले प्रत्याभूत गरेका अधिकारहरुको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका, संघीय, प्रदेश तथा स्थानीय, सरकारहरुले लैससास शासन पद्धतिलाई संस्थागत गर्न आवश्यक छ । संविधानको धारा २२६ ले गाउँसभा र नगरसभाले संविधानको अनुसूची ८ र ९ बमोजिमको सूचीअनुसार आवश्यक कानून बनाउन सक्ने स्पष्ट व्यवस्था गरेको छ ।

**अन्य राष्ट्रिय कानूनी व्यवस्थाहरु :** लैङ्गिक समानता र समावेशीकरणसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई आन्तरिकिकरण गर्ने क्रममा नेपाल सरकारले संविधान लगायत धेरै कानूनहरुमा समावेश गरेको छ भने व्यवहारिक रुपमा कार्यान्वयन गर्ने कोशिस गरेको छ । जस्तै लैङ्गिकताका आधारमा महिला विरुद्ध हुने सबै प्रकारका हिंसालाई न्यूनीकरण गर्न मुलुकी अपराध संहिता २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४; फौजदारी (कसूर तथा सजाय निर्धारण गर्ने) ऐन, २०७४, मुलुकी देवानी संहिता, २०७४ लागु गरिएको छ भने यसैगरी अपराध पिडीत संरक्षण ऐन २०७५, कार्यस्थलमा हुने यौनजन्य दूर्व्यवहार निवारण ऐन २०७१, बालबालिकासम्बन्धी ऐन २०७५, बाल श्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ लागू भएका छन् । त्यसैगरी बोक्सीको आरोप विरुद्धको (कसुर र सजाय) ऐन, २०७२, घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६७, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको

अधिकारसम्बन्धी ऐन, २०७५, रोजगारीको हकसम्बन्धी ऐन, २०७५ आदिलाई प्रमुख कानूनी व्यवस्थाको रुपमा लिन सकिन्छ ।

त्यसैगरी लैससासलाई वहुपक्षिय दृष्टिकोणले अध्ययन गर्दा अपाङ्गतासम्बन्धी १० बर्षे राष्ट्रिय नीति तथा कार्ययोजना, युवाको हकहितको सरक्षण र सम्बर्द्धन गरी समुन्नत मुलुक निर्माणका लागि राष्ट्रिय यूवा परिषद ऐन २०७२, २०३० सम्म बाल विवाह उन्मुलन गर्ने लक्ष्यसहितको बाल विवाह अन्त्यका लागि राष्ट्रिय रणनीति, २०७२, महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८, विपद जोखिम न्युनिकरण राष्ट्रिय कार्य योजना २०१८-२०३० लाई पनि प्रमुख रुपमा लिन सकिन्छ भने सार्वजनिक क्षेत्रमा महिला तथा लक्षित समुदायको सहभागिताको लागि तयार गरिएको निजामति सेवा ऐन लगायत विभिन्न सेवा ऐनहरुमा भएको परिमार्जनलाई पनि लैससास सम्बन्धमा सकारात्मक प्रयासको रुपमा लिन सकिन्छ ।

यसका अतिरिक्त मानव बेचबिखन विशेष गरी बाल हेल्पलाइन सञ्चालन कार्यविधि, २०६४, छाउपडी प्रथा उन्मूलन निर्देशिका, २०६४, विशेष प्रकृतिको मुद्दाहरूको कारवाहीमा पक्षहरूको गोपनीयता कायम राख्नेसम्बन्धी (कार्यविधि) निर्देशिका, २०६४, श्रमजीवि महिलाहरूप्रति डान्स रेष्टुरेन्ट, डान्स बारजस्ता कार्यस्थलमा हुने यौन उत्पीडन नियन्त्रण गर्नेसम्बन्धी सर्वोच्च अदालतबाट भएको फैसला र निर्देशिका, २०६५, वैदेशिक रोजगारसंग सम्बन्धित कसुरको अनुसन्धान तथा अभियोजन दिग्दर्शन, २०६७, मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी मुद्दाको अभियोजन तथा अदालती कारवाहीसम्बन्धी कार्यसञ्चालन निर्देशिका, २०६८, मानव बेचबिखन तथा ओसारपसारबाट पीडित/प्रभावितहरूको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड, २०६८, पुनर्स्थापना केन्द्र सञ्चालन निर्देशिका, २०६८, पुनर्स्थापना कोष सञ्चालन निर्देशिका, २०६८, मनोसामाजिक परामर्श निर्देशिका, २०६९ र आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ र बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ लाई सरकारको सकारात्मक प्रयासको रुपमा लिन सकिन्छ ।

लैससास नीतिलाई कार्यान्वयन गर्न लैङ्गिक उत्तरदायी बजेट, लैङ्गिक सम्पर्क व्यक्तिसहित विभिन्न शाखा तथा उपशाखाको स्थापना, कानूनी रुपमा नै राष्ट्रिय महिला आयोग, राष्ट्रिय समावेशी आयोग, दलित आयोग, मधेशी आयोग, मुस्लिम आयोगहरुको सस्थागत विकासको व्यवस्था आदि पनि सकारात्मक पक्ष हुन् ।

**राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ :** राज्यका तीन वटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न योजना, नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा सेवा प्रवाहलाई लैङ्गिकमैत्री बनाई समृद्ध र न्यायपूर्ण समाजको स्थापनाको आवश्यकतालाई महसुस गरी नेपाल सरकारले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ जारी गरेको छ । यस नीतिले सबै क्षेत्रमा महिलाको सारभूत र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रुपान्तरणद्वारा लैङ्गिक समानता कायम गर्ने दीर्घकालीन सोच राखेको छ । लङ्गिकतामा आधारित श्रम विभाजनको परम्परालाई परिवर्तन गरी श्रम बजारमा महिलाको सहभागिता वृद्धि गर्दै अर्थतन्त्रमा महिलाको योगदानको मूल्याङ्कन गर्ने रणनीति लिएको छ । यस नीतिको उद्देश्य प्राप्त गर्न संघ, प्रदेश तथा स्थानीय तहको भूमिका स्पष्ट गरी नीतिको कार्यान्वयन गर्न **कार्ययोजना** तयार गरेको छ ।

**सोह्रौं पञ्चवर्षीय योजना (२०८१/०८२-२०८५/२०८६) :** लैससासको प्रवर्धनका लागि सोह्रौं पञ्चवर्षीय योजनाले छुट्टै योजनागत व्यवस्था गरेको छ । यसले लैङ्गिक समानता तथा सशक्तिकरण, सामाजिक न्याय तथा समावेशीकरणलाई आन्तरिकीकरण मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने, लक्षितवर्ग समुदायलाई विशेष संरक्षण गर्ने तथा उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने, हिंसा पीडितको उद्धार, राहत, पुनर्स्थापना तथा सामाजिक एकीकरणलाई प्रभावकारी बनाउने, न्याय प्रणालीलाई सुधार गर्ने र अपाङ्गतामैत्री जीवनको लागि सहजीकरण गर्ने लगायतका धेरै नीतिगत योजनाहरु रहेका छन् ।

**१.३ स्थानीय सरकार सञ्चालन ऐन २०७४ :** स्थानीय सरकार सञ्चालन ऐन को प्रस्तावनामा लैससासम्बन्धी व्यवस्था उल्लेख गरिएको छ । यसका अलवा नगरपालिका तथा यसको काम, कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ । लैङ्गिक खण्डीकृत तथ्याक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदी बडा समितिको कमि, कर्तव्य र अधिकार रहेका छन् । योजना तर्जुमा तथा कार्यान्वयनमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चत गर्न भनिएको छ । महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्नु पर्ने, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तरगत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ । दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसीमा र प्रक्रयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिबर्तन अनुकूल, विपत् व्यवस्थापन, लैससासका अन्तरसम्वन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) नगरपालिका तथा नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैससास अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्ने छ भनि उल्लेख गरेको छ ।

## १.३ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणमा मधेश प्रदेशको अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको कुल जनसंख्या ६,११४,६०० रहेको छ जसमा पुरुषको जनसंख्या ३,४३,३५० र महिलाको जनसंख्या २,९७,७७२ (५० प्रतिशत) रहेको छ भने विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको कुल सख्या ९१६४७ रहेकोमा ५६.८ प्रतिशत पुरुष र ४३.२ प्रतिशत महिला रहको उल्लेख गरेको छ । यस प्रदेशको साक्षरता दर ६३.५ प्रतिशत रहेको छ । जसमध्ये महिलाको साक्षरता दर ५४.७ प्रतिशत मात्र रहेका छन् । ५३ प्रतिशत महिलाहरु २० बर्षको उमेर पुग्दा विवाहित भैसकेका हुन्छन् । सन् २०२१ मा प्रकाशित नेपाल मानव विकास प्रतिवेदन हाल ०.४१ स्तरमा छ जुन नेपालको राष्ट्रिय औसत ०.४९० भन्दा निकै कमजोर अवस्था छ र लैङ्गिक समानता सूचांकअनुसार नेपालका अन्य प्रदेशहरूका तुलनामा मुख्यत शिक्षा, स्वास्थ्य, र आयस्रोतका क्षेत्रमा पछाडि परेको देखिन्छ भने लैङ्गिक असमानताका हिसाबले मधेश प्रदेशले तुलनात्मक रूपमा धेरै चुनौती सामना गरिरहेको देखिन्छ । महिला सशक्तिकरण, शिक्षा, र स्वास्थ्य सेवा पहुचको अभाव, विद्यालय बाहिर रहेका र विद्यालय छाड्ने बालबालिकाको सख्या उच्च हुनु पनि यस प्रदेशमा लैङ्गिक समानता तथा समाजिक समावेशिकरणको प्रमुख चुनौती रहेको छ । साक्षरता दर, विद्यालय शिक्षामा पहुंच र महिलाहरूको रोजगारमा सहभागिता जस्ता सूचकहरू राष्ट्रिय औसतभन्दा तल छन् । मधेश प्रदेशमा अहिले पनी मातृ मृत्युदर प्रति एक लाखमा

१४० रहेको छ। ४० प्रतिशत किशोरावस्थामा गर्भधारण गर्ने गरेको छ।[1] आर्थिक गरिबी दर २७.५ छ भने बहुआयामिक गरिबी दर झन् उच्च ४७.९ प्रतिशत छ जसले महिलाको स्वास्थ्य, शिक्षा, र आधारभूत आवश्यकताहरूमा व्यापक अभाव रहेको सकेत गर्दछ।

मधेश प्रदेशका महिलाहरू घरायसी कार्य र पारिश्रमिक बिनाको सेवामूलक कार्यमा व्यस्त हुने गरेको देखिन्छ। सामुदायिक सेवा र सहभागितामा महिला तथा पछाडि पारिएका समुदायको अर्थपूर्ण सहभागिता तुलनात्मक रूपमा हुन नसकेको स्थिति देखिन्छ। प्रदेशमा जातीय छुवाछुत सामाजिक कुसंस्कारको रूपमा रहेको छ जुन लैङ्गिक समानता प्रवर्धन गर्नमा ठूलो चुनौतीका रुपमा रहेको देखिन्छ।

संविधानद्वारा निर्देशित लैङ्गिक समानताका तथा सामाजिक समावेशीकरणलाई कार्यान्वियन गर्ने क्रममा मधेश प्रदेश सरकारले धेरै प्रयास गरेको देखिन्छ। प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९, बालविवाह अन्त्यका लागि १० वर्षे प्रादेशिक रणनीतिक योजना (२०७८/०७९-२०८८/२०८९), बाल सरक्षण तथा सशक्तिकरण ऐन, २०८१, दलित सशक्तिकरण ऐन २०७६,[2] प्रदेश बालअधिकारसम्बन्धी ऐन २०७७, बालमैत्री स्थानीय सुशासन कार्यान्वयन निर्देशिका, २०७८, जारी गरेको छ। त्यसै गरी मधेश प्रदेश सरकारले विभेदमुक्त सामाजिक न्याय स्थापना गर्ने सन्देश प्रवाह गरी छोरा र छोरीबिचको सामाजिक विभेद अन्त्य गर्ने उद्देश्यले मुख्यमन्त्रीको संयोजकत्वमा बेटी पढाऊ, बेटी बचाऊ अभियान, छोरी शैक्षिक बिमा कार्यक्रम सञ्चालन गरिरहेको छ। प्रदेश प्रहरीसहित अन्य सेवामा महिलालाई ५० प्रतिशत आरक्षणसहित दलित, मुस्लिम, जनजातिलाई उनीहरूको जनसंख्याका आधारमा आरक्षणको व्यवस्था कानूनी रूपमा सुनिश्चित गरिएको छ। त्यसैगरी बिभिन्न दातृसस्थाहरु तथा सयुक्त राष्ट्रसघको सहयोगमा महिला समुत्थान परियोजना, सशक्त महिला सम्वृद्ध नेपाल कार्यक्रम, महिला केन्द्रित उद्यमशीलता तथा सिप विकास तालिम, सुरक्षित बालिका कार्यक्रम, लैङ्गिक हिंसा विरुद्धका सचेतनामूलक कार्यक्रम तथा आत्मरक्षासम्बन्धी तालिमहरु सञ्चालित छन्।

प्रदेशको **प्रथम आवधिक योजना आ.व. २०७६/७७ – २०८०/८१**[3] तथा यस आर्थिक वर्षमा पास भएको **दोस्रो आवधिक योजना आ.व. २०८१/८२ – २०८५/८६** मा पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी धेरै योजनाहरु गरेको देखिन्छ। **"आत्मनिर्भर र समृद्ध मधेश सुखी मधेशी"** दीर्घकालीन सोच सहित पास भएको यस दोस्रो आवधिक योजनाले लैङ्गिक समानता सम्बन्धी नीतिगत तथा संस्थागत सुदृढीकरण गर्ने, लैङ्गिक उत्तरदायी बजेट विनियोजन प्रणालीलाई प्रदेश तथा सबै स्थनीय तहसम्म संस्थागत गरिने, महिला सशक्तीकरण सम्बन्धमा महिला हिंसा विरुद्ध कार्यक्रम चलाउने, लैङ्गिक उत्तरदायि शासन पद्धति अवलम्बन गरिने, दाईजो विना विवाह गर्ने परिवारलाई सम्मान गरिने, आर्थिक सामाजिक क्षेत्रमा विद्यमान लैङ्गिक विभेद कम गर्ने, महिला उद्यमशीलता विकास गर्ने, दलित एवं विपन्न महिलाहरुका लागि शिक्षा, व्यवसायिक तालिम र प्रजनन स्वास्थ्य सेवा निशुल्क र सुलभ हुने व्यवस्था मिलाईने, बालन्याय प्रणालीलाई सुदृढ गरिने, बालमैत्री शासन प्रणाली प्रवर्धन गरिने, सीमान्तकृत तथा

---

[1] NDHS Survey, 2022

[2] ऐनले निःशुल्क शिक्षा, रोजगार कोटाको व्यवस्था, सशक्तिकरण कार्यक्रमका साथै समानुपातिक समावेशीको पालनाका लागि दलित सिटमध्ये ५० प्रतिशत दलित महिलाको लागि व्यवस्था गर्ने स्पष्ट उल्लेख गरेको छ।

[3] यो योजनाले लैङ्गिक समानता र सामाजिक न्यायमा आधारित समाज निर्माण गर्ने [illegible] सोच सही विकासका हरेक क्रियाकलापमा महिला र पुरुषको समान सहभागिता कायम गर्ने लक्ष्य लिएको छ।

पिछडिएका समुदायका आधारभूत आवश्यकताहरु पूरा गर्ने, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको सशक्तीकरण गर्ने र उनीहरुप्रतिको सामाजिक धारणा परिवर्तन गर्ने जस्ता योजनाहरु लैङ्गिक समानता तथा समावेशीकरणको सम्बन्धमा दोस्रो आवधिक योजनाको प्रमुख योजनाको रुपमा लिन सकिन्छ ।

## १.४ प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९

प्रदेशस्तरीय सारभूत लैङ्गिक समानता नीति, २०७९लाई लैससासको क्षेत्रमा प्रदेशस्तरिय नीतिगत प्रयासको सम्बन्धमा प्रमुख रुपमा लिन सकिन्छ । यस नीतिको उद्देश्य लैङ्गिक समानता तथा सामाजिक रुपले समावेशी जवाफदेही शासनलाई संस्थागत गर्न प्रदेश सरकारका सबै तह र निकायहरुमा महिला तथा बञ्चितीकरणमा परेका समूहहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितता गर्ने, सबै प्रकारका प्रत्यक्ष र अप्रत्यक्ष विभेद र असमानताहरुको अन्त्य गर्ने, सबै बञ्चितीकरणमा परेका समूह तथा समुदायहरुको लागि सम्मानित ढंगले बाँच्ने वातावरणको सुनिश्चितता गर्ने, आर्थिक समृद्धि र दिगो विकासको सुनिश्चितता गर्ने, बञ्चितीकरणमा परेका समूहहरुको लागि स्रोत, साधन, अवसर तथा लाभहरुमा समान पहुँचको सुनिश्चितता गर्ने साथै बञ्चितीकरणमा र जोखिममा रहेका समुदायहरु विरुद्धको सबै प्रकारका हिंसाको अन्त्य गर्ने जस्ता धेरै व्यवस्थाहरु गरेको छ । प्रदेशस्तरीय सारभूत लैङ्गिक समानताका प्रमुख नीतिहरु देहाय अनुसार रहेको छ ।

नीति १: लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गरिनेछ ।

नीति २: प्रदेश सरकारको हरेक तह र निकायमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ ।

नीति ३: प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा हुने सबै प्रकारका लैङ्गिक विभेद र असमानताको अन्त्य गरी सबै महिलाको सम्मानपूर्वक बाँच्न पाउने र जीवनयापनको वातावरण सुनिश्चित गरिनेछ

नीति ४: आर्थिक समृद्धि र दिगो विकासका लागि स्रोत, साधन, अवसर तथा लाभमा महिलाको समान पहुँच सुनिश्चित गरिनेछ ।

नीति ५: महिलामाथि हुने सबै प्रकारका हिंसाको अन्त्य गरिनेछ ।

## १.५ मानव अधिकारका सिद्धान्तहरु

लैससास मानव अधिकारको महत्वपूर्ण पक्ष हो । कुनै पनि व्यक्तिलाई जातजाति, भाषा, धर्म, वर्ण, लिङ्ग, उत्पति, क्षेत्र, आस्था, स्वास्थ्य तथा शारीरिक अवस्था, आर्थिक अवस्था, वैवाहिक अवस्था आदिका आधारमा भेदभाव गर्न नहुने र राज्यले सबैलाई नीतिगत तथा व्यवहार पनि समान गर्नुपर्ने मानव अधिकारको प्रमुख पक्ष हो । मानव अधिकारसम्बन्धी सबै दस्तावेजहरुले बिना भेदभाव हरेक व्यक्तिको मानव अधिकारको सम्मान गर्दछन् मानव अधिकार उलंघनको जवाफदेहिता राज्य हुनु पर्दछ भन्ने मान्यता नै मानव अधिकारको सुन्दर पक्ष हो । मानव अधिकारका सम्मान गर्ने, संरक्षण गर्ने र परिपूर्ति गर्ने दायित्व राज्यको हुन्छ । त्यसैले मानव अधिकारको उपभोगमा लैङ्गिक, जातीय वा अन्य कुनै आधारमा भेदभाव गर्न नहुने कुरानै मानव अधिकारको प्रमुख सैद्धान्तिक पक्ष हो । त्यसैले **मानव अधिकारहरु सार्वभौम, अभिवाज्य,**

अविच्छेद, विश्वव्यापकता, अहरणीय, अन्तरनिर्भर, समान र अविभेद एवं भेदभाव तथा विवादरहित हुन्छन्
।

प्रदिप कुमार यादव
नगर प्रमुख
धोबीनारायण नगरपालिका
भनेहुवा, पैतहट

परिच्छेद–२

## लैससासको प्रवर्धनमा बौधिमाई नगरपालिकाको प्रयास

### २.१ लैससास प्रवर्धनमा बौधिमाई नगरपालिकाको कानून, नीति तथा कार्यक्रम

महिला तथा लक्षित वर्गको अधिकार संरक्षण तथा उनीहरुमाथि हुने हिंसा, भेदभाव र विभिन्न प्रकारका जोखिम न्यूनिकरणका लागि यस नगरपालिकाले नीतिगत तथा कार्यगत पहल गरेको छ। सबै बालिकालाई शिक्षाहरुमा पहुँच पुरयाउन बालिका तथा समावेशी सञ्जाल गठन तथा सञ्चालन कार्यबिधी २०८० तर्जुमा गरी विद्यालाय भित्र वा बिद्यालय जाँदा आउँदा र समुदायमा बालबालिका माथी हुने वा हुन सक्ने भेदभाव, शारीरिक, भावनात्मक तथा यौन दुर्व्यवहार, शोषण, लैङ्गिक हिंसा शारीरिक वा मानसिक दण्ड संजाय, हेपाई लगायत जोखिमको निर्धारित संयन्त्र बिधी र प्रकृया अनुरुप न्युनिकरण गर्ने व्यवस्था गरेको छ । यस समस्याहरुको सम्बोधन गर्न लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने व्यवस्था समेत गरेको पाइन्छ । वडास्तरमा बालिका तथा समावेशी सञ्जाल गठन गरी पालिका भित्र बसोबास गर्ने दलित, मुस्लिम वा अपाङ्गता भएका महिला अविभावकबाट एक जना सदस्य रहने व्यवस्था गरेको छ। विद्यालयको वार्षिक तथा अद्यावधिक योजनामा लैङ्गिक, अपाङ्गता लगायत बहिष्करणमा परेको बालबालिकाको पहिचान गरी समुदाय तथा विद्यालयमा हुने लैङ्गिक हिंसा तथा भेदभाव न्यूनीकरणका लागि पहल गर्ने र नियमित अनुगमन गरी पृष्ठपोषण दिने व्यवस्थाले विद्यालयमा हुने हिंसा निषेधको लागि सकारात्मक प्रयास भएको छ। त्यसै गरी विद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ र अन्य समितिको गठन गर्दा लैङ्गिक र समावेशी प्रतिनिधित्व हुनु पर्ने व्यवस्था गरेको छ।

लैङ्गिक हिंसा निवारणका लागि महिला, पुरुष, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, शिक्षक, अविभावक, राजनीतिक दल, नागरिक समाज, प्रहरी, पत्रकारहरु र स्थानीयबीच निरन्तर सार्वजनिक बहस एवं संवादको कार्यक्रम सञ्चालन गर्ने व्यवस्थाले लैङ्गिक हिंसालाई सार्वजनिक बहसको विषय वनाई न्युनिकरण गर्न खोज्नु पालिकाको सक्रियता देखिन्छ । साथै न्यायिक समितिलाई लैङ्गिक हिंसा विरुद्धका कानूनी व्यवस्था, मुद्दाको सुनुवाई मुद्दाको व्यवस्थापन, अभिलेख व्यवस्थापन र प्रमाण सकलन लगायतका विषयमा ध्यान दिनुपर्ने अत्यावश्यक कानुनी सिद्धान्त तथा प्रक्रियाबारे क्षमता विकास गर्ने कार्यक्रमले पीडितलाई न्यायमा पहुँचको अधिकारलाई संरक्षण गर्ने प्रयास गरेको छ ।

**नीति तथा कार्यक्रम २०८०/८१ र २०८१/८२**

पालिकाको वार्षिक नीति तथा कार्यक्रममा लैससासको वहुआयामिक पक्षलाई विभिन्न नीति तथा कार्यक्रमले सम्बोधन गर्ने प्रयास गर्नु पालिको सकारात्मक पक्षको रुपमा लिन सकिन्छ । प्रत्येक वर्ष १०० जना युवाहरुलाई लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमशीलता र विषयगत सिपमूलक तालिमको व्यवस्था मिलाइने र लक्षित वर्ग, ज्येष्ठ नागरिक, अपाङ्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, दलित बालबालिका र महिलाहरुका लागि आय आर्जनको कार्यक्रम सञ्चालन गरिने र विपन्न, गरिव असहायहरुलाई आर्थिक उन्नतिका लागि राहत प्याकेज सहितको सिपमूलक तालिम दिई प्रविधिसमेत हस्तान्तरण गरिने नीतिगत व्यवस्थाले लक्षितवर्गहरुको आर्थिक विकासको लागि ठुलो प्रयास गरेको छ। त्यसैगरी पालिकाभित्र मातृमृत्यु तथा नवशिशु मृत्युलाई न्यून वनाउन र कम्तीमा २४ घण्टासम्म सुत्केरीहरुलाई प्रसूति गृहमै बस्ने



प्रदिप कुमार यादव
नगर प्रमुख
बौधिमाई नगरपालिका
रौतहट

Scanned with CamScanner

आवश्यक व्यवस्था मिलाइने, प्रत्येक गर्भवतीलाई निशुल्क भिडियो एक्सरे गराउन प्रत्येक वार्डमा ३/३ महिनामा सेवा दिने कार्यलाई निरन्तरता दिइने, वडा कार्यालयसँगको समन्वयमा गर्भवतीलाई पोषण सुधारको लागि प्रत्येक पटक (८) को भिजिटमा १० वटा अण्डा दिइने आवश्यक व्यवस्था मिलाइने र सम्पूर्ण गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै पूर्ण निशुल्क प्रसूति गराउने व्यवस्था मिलाईने, घरमा सुन्य प्रसूति वार्ड घोषणा गर्दै लाने र उपमेयरसँग गर्भवती सुत्केरी महिलाको पोषण प्रवर्धन कार्यक्रमसञ्चालन गर्ने जस्ता व्यवस्था महिलाको प्रजनन स्वास्थ्य अधिकारको संरक्षणको लागि महत्वपूर्ण देखिन्छ ।

मेयरसँग ज्येष्ठ नागरिकको स्वास्थ्य कार्यक्रम, सबै किसिमका श्रमलाई उच्च सम्मान तथा श्रमिकलाई उचित पारिश्रमिक व्यवस्थापन गर्ने, जातीय छुवाछुत अन्त्य गरी मानवीय मर्यादा कायम गरिने, अपाङ्गता भएको व्यक्तिहरुलाई क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने, आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, मुस्लिम, दलित, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक समुदायको अभिलेख अनुसार आयमूलक र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने व्यवस्था लैससासको बहुआयामिक पक्षलाई सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ ।

| ऐन/नीति/रणनीति/योजना/बजेट तथा कार्यक्रम | लैससास सम्बन्धी प्रावधान |
|---|---|
| २०८०/०८१ को नीति, बजेट तथा कार्यक्रम (सातौं नगरसभाको) | **आर्थिक सशक्तिकरण**<br>• प्रत्येक वर्ष १०० जना युवाहरुलाई लघु उद्यम विकास कार्यक्रम,<br>• लक्षित वर्ग, ज्येष्ठ नागरिक, अपाङ्ग, तेस्रो लिङ्गी, दलित बालबालिका र महिलाहरुका लागि आयआर्जन कार्यक्रम,<br>• विपन्न, गरिब असहायहरुलाई आर्थिक उन्नतिका लागि राहत प्याकेजसहितको सिपमूलक तालिम दिई प्रविधिसमेत हस्तान्तरण गर्ने,<br>• आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका महिला, बालबालिका, मुस्लिम, दलित, फरक क्षमता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यक समुदायको सामाजिक र आर्थिक उत्थानसम्बन्धी कार्यलाई अघि बढाउन आयमूलक र जनचेतनामूलक कार्यक्रम । |
| | **प्रजनन स्वास्थ्य तथा दीर्घरोगको उपचार**<br>• कम्तीमा २४ घण्टासम्म सुत्केरीहरुलाई प्रसूति गृहमै बस्ने व्यवस्था,<br>• प्रत्येक गर्भवतीलाई निशुल्क भिडियो एक्सरे गराउन प्रत्येक वार्डमा ३/३ महिनामा सेवा दिने, |



प्रदिप कुमार यादव
नगर प्रमुख
चौधिमाई नगरपालिका
हरनुजवा, रौतहट

| | |
|---|---|
| | • गर्भवतीलाई पोषण सुधारको लागि प्रत्येक पटक (८) को भिजिटमा १० वटा अण्डा दिने,<br>• सम्पूर्ण गर्भवती महिलाहरुलाई स्वास्थ्य संस्थामै पूर्ण निशुल्क प्रसूति गराउने व्यवस्था मिलाइ घरमा सुन्य प्रसूति वार्ड घोषणा गर्दै लगिने र पूर्णखोपको निरन्तरता दिइने,<br>• क्यान्सर तथा हृदयाघात जस्ता १० ओटा रोगहरुको उपचारका लागि उचित आर्थिक सहयोग तथा नियमनकारी निकायमा सिफारिस गरिने,<br>• मेयरसँग ज्येष्ठ नागरिकको स्वास्थ्य कार्यक्रम / उपमेयरसँग गर्भवती महिला लक्षित सुरक्षित मातृत्व क्रियाकलाप,<br>• लक्षित बिरामी, क्यान्सर, मेरुदण्ड, पक्षाघात, किड्नी रोग तथा ट्रान्सप्लान्टेशन रोगीलाई प्रतिमहिना रु. ५००० का दरले र स्वास्थ्य मन्त्रालयसँग सोधभर्ना गर्ने व्यवस्था । |
| | **शिक्षा :** प्रत्येक बालबालिकालाई विद्यालयसम्म आधारभूत शिक्षाको प्रत्याभूति गराइने |
| | **सामाजिक न्याय :** जातीय छुवाछुत अन्त्य गरी मानवीय मर्यादा कायम गरिने । |
| | **क्षमताको विकास**<br>• महिला सशक्तिकरण र सामाजिक समावेशीकरणमा जोड दिई महिलाको क्षमता विकासका कार्यक्रम ।<br>• अपाङ्गता भएको व्यक्तिहरुको क्षमता अभिवृद्धि जस्ता कार्यक्रम । |
| बालिका तथा समावेशी सञ्जाल गठन सञ्चालन कार्यविधि २०८० | • सबै बालिकालाई शिक्षाको पहुँचमा ल्याउने,<br>• विद्यालयभित्र वा विद्यालय जाँदा आउँदा र समुदायमा बालबालिका माथि हुने वा हुन सक्ने भेदभाव, शारिरिक, भावनात्मक तथा यौन दुर्व्यवहार, शोषण, लैङ्गिक हिंसा, शारिरिक वा मानसिक दण्ड सजाए, हेपाइ लगायत जोखिमको निर्धारित संयन्त्र, विधि र प्रकृया अनुरुप न्यूनीकरण गर्ने,<br>• लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था,<br>• गुनासो संयन्त्रलाई बलियो बनाउने । |



प्रदिप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
कनुजा, रौतहट

| | |
|---|---|
| बालिका तथा समावेशी सञ्जाल गठन | **समावेशिता**<br>बालिका पालिकाभित्र बसोबास गर्ने दलित, मुस्लिम, अपाङ्गतामा भएका महिला अभिभावकबाट एक जना ।<br>**लैससासमुखी विद्यालय सुधार**<br>• विद्यालयको वार्षिक तथा अद्यावधि योजनामा लैङ्गिक, अपाङ्गतालगायतका सामाजिक समावेशीकरण समसमायिक विषय समावेश गर्न पहल गर्ने,<br>• विद्यालयमा लैङ्गिक, जातीय तथा अपाङ्गतामा आधारित हिंसा तथा अन्य बहिष्करणमा परेको बालबालिकाको पहिचान गरी न्यूनीकरणका लागि पहल गर्ने,<br>• समुदाय तथा विद्यालयमा हुने लैङ्गिक हिंसा, भेदभाव तथा दण्ड.सजाय जस्ता गतिविधिहरूको न्यूनीकरणका लागि पहल गर्ने,<br>• विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र अन्य समितिको गठनमा लैङ्गिक र समावेशी प्रतिनिधित्व सुनिश्चितताका लागि पहल गर्ने,<br>• विद्यालयहरूमा लैङ्गिक हिंसा न्यूनीकरणसम्बन्धी कार्यहरूको नियमित अनुगमन गर्ने तथा पृष्ठपोषण दिने,<br>• विद्यालयहरूमा बालबालिका आत्म संरक्षणका लागि तालिमको व्यवस्था गर्ने आदि थुप्रै असल अभ्यास तथा संरक्षणको कामहरूको व्यवस्था गरेको । |
| बैदेशिक रोजगार सन्तति कार्यविधि २०८० | श्रम स्वीकृति लिई बैदेशिक रोजगारमा करार अवधिभित्र मृत्यु भएको वा पूर्ण रुपमा असक्त वा गम्भिर बिरामी भएका कामदारका बालबालिकालाई बैदेशिक रोजगार छात्रबृत्तिको व्यवस्था गरेको । |

## २.२ लैससास कार्यान्वयनमा समस्या, चुनौती र अवसरहरु

यो कार्ययोजना तयार गर्ने क्रममा पालिकाको पदाधिकारीहरु, कर्मचारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, पत्रकार, शिक्षकलगायत समाजका अभियन्ता तथा अधिकारकर्मीहरुसंग गरिएको छलफल तथा बैठकहरु र पालिकाबाट उपलब्ध विभिन्न नीति नियम र कार्यविधिको अध्ययवाट यस पालिकामा लैससाससम्बन्धी देहायनुसार सवलपक्ष, समस्या, चुनौती तथा अवसर देखिन्छ ।

| सवलपक्ष | समस्या |
|---|---|
| • कार्यपालिकामा महिला तथा दलित समुदायको सम्मानजनक प्रतिनिधित्व रहेको, | • अपाङ्गतामैत्री भौतक संरचनाको अभाव, |

प्रदिप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
सम्पुजा, रौतहट



Scanned with CamScanner

- लैङ्गिक हिंसा सम्बोधन, प्रजनन स्वास्थ्य तथा लक्षित समुदायहरुको आर्थिक सशक्तिकरणमा नीतिगत योजना भएको,
- नगरपालिकाको आफ्नै भवन रहेको,
- पालिकामा सबै समिति तथा उपसमितिहरु गठन गरिएको,
- कार्यालयका सम्पूर्ण सेवाहरु सहज रुपमा प्रवाह गर्न तदारुकता देखाइएको,
- लैङ्गिक हिंसाको सम्बन्धमा सार्वजनिक रुपमा बहस गर्ने वातावरणको सृजना गर्ने नीतिगत प्रयास भएको,
- महिला, आर्थिक सामाजिकरुपमा पछि परेका जातजाति तथा अन्य लक्षित वर्गको लागि सामाजिक सुरक्षा, आधारभूत स्वास्थ्य तथा शिक्षा क्षेत्रमा प्रभावकारी रुपमा कार्यक्रम भैरहेको,
- युवाहरुलाई लघु उद्यम विकास, ज्येष्ठ नागरिक, अपाङ्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, दलित बालबालिका र महिलाहरुका लागि आर्थिक शसक्तिकरण,
- संस्थागत प्रसूति ८० प्रतिशतको हाराकारीमा भएको
- मातृमृत्यु दर घटेको
- जातीय छुवाछुत क्रमिक रुपमा कम भएको,
- **बालिका तथा समावेशी सञ्जाल गठन सञ्चालन कार्यविधि २०८०** ले बालबालिकामाथि हुने वा हुन सक्ने भेदभाव, शारिरिक, भावनात्मक तथा यौन दुर्व्यवहार, शोषण, लैङ्गिक हिंसा, शारीरिक वा मानसिक दण्ड सजाए, हेपाईलगायत जोखिमको निर्धारित संयन्त्र, विधि र प्रकृया अनुरुप न्यूनीकरण गर्ने लक्ष्य लिएको छ।

- बाल विवाह, दहेज, जातीय भेदभाव, लैङ्गिक हिंसा जस्ता समस्याहरु यथावत रहेको,
- पूर्ण अपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाह, स्याहार, संरक्षण तथा आभारभुत आवश्यकता परिपूर्तिमा समस्या,
- दलितहरुमा गरिबी र स्रोत र साधनमा न्यून पहुँच,
- कार्यालयमा महिला कर्मचारीको संख्या नगण्य अर्थात एक जना मात्र रहेको
- महिला तथा दलित परिवारको निर्णय प्रकृयामा न्यून सहभागिता,
- पालिका तथा वडाहरुको सूचना प्रणाली चुस्त नहुनु,
- जनप्रतिनिधी तथा कर्मचारीहरुमा लैससास सम्बन्धी बुझाइमा एकरुपता नभएको,
- महिला, अपाङ्गता भएका व्यक्ति, तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुका अन्तरविविधतासम्बन्धी समस्याको बारेमा स्पष्ट बुझाई नभएको
- लैससास नीति नभएको र लैससास सम्बोधन गर्न छुट्टै संरचना नभएको,
- बालविवाह लगायतका लैङ्गिक हिंसा उन्मूलनसम्बन्धी छुट्टै नीतिगत व्यवस्था नभएको
- जेष्ठ नागरिक, एकल महिला तथा अपाङ्गता भएका व्यक्तिहरुलाई पारिवारिक बोझको रुपमा लिएको,
- जनप्रतिनिधिहरुको, विशेष गरी दलित महिला सदस्य र सिमान्तकृत समुदायका

| | |
|---|---|
| | जनप्रतिनिधिहरुको, सहभागिता तथा नेतृत्वमा अर्थपूर्ण हुन नसकेको । |
| **चुनौती** | **अवसर** |
| • लैससास नीति तथा यसको सम्बोधनको लागि छुट्टै नीति तथा शाखा नभएको,<br>• व्यक्ति, परिवार र समाजमा परम्परागत सोच र धारणा कायमै देखिएको,<br>• संविधान, ऐन, नियम तथा कार्यविधिहरुको प्रभावकारी कार्यान्वयन नभएको,<br>• लैससास प्रबर्धन गर्न तथा लक्षित वर्गको लागि अप्रयाप्त बजेट विनियोजन गर्न नसकेको,<br>• छुवाछुत तथा बाल बिवाहमुक्त पालिका घोषणाका लागि नीतिगत व्यवस्था नभएको,<br>• लैङ्गिक समानताप्रति पुरुषहरुको तथा पुरुष हिंसाप्रति महिलाहरुको संवेदनशीलतामा कमी भएको,<br>• लक्षित तथा विषयगत शाखामा बजेट निर्धारण कार्यान्वयन नहुनु,<br>• परिवारमा महिला तथा किशोरीमाथि कार्यबोझ,<br>• लैङ्गिक तथा जातीय विभेदविरुद्धको अभियानमा पुरुष तथा गैरदलितहरु प्रभावकारी सहभागिता नभएको । | • स्थानीयस्तरको क्षमता अभिवृद्धि गर्न दातृ निकाय तथा गैससहरुको योजना तथा श्रोत भएको<br>• लक्षित वर्गका लागि कार्यक्रम सञ्चालन गरी समावेशीकरणलाई सहयोग पुग्ने खालका अवसर,<br>• प्रदेश तथा स्थानीयसरकारसंगको सहकार्यमा लैससासका लागि काम गर्ने संघसंस्थाको चासो देखिएको,<br>• लैससास नीति तथा कार्ययोजना वनाउनु पर्छ भन्ने सकारात्मक सोच भएको<br>• दलितलाई शिक्षा, स्वास्थ्यमा विशेष प्राथमिकता दिदै दलित छात्रवृत्ति र अभिमुखीकरण तालिम, क्षमता अभिबृद्धिका लागि वजेटको व्यवस्था भएको,<br>• प्रजनन स्वास्थ्य तथा मातृमृत्यु दर घटाउन Birthing Cernter को प्रभावकारी सञ्चालन भएको । |

## २.३ बौधिमाई नगरपालिकामा कार्यरत सरोकारवालाहरुको नक्साङ्कन

यस पालिकामा लैसासस नीति तथा कार्ययोजना तयारको क्रममा सम्बन्धित पालिकाका जनप्रतिनिधि कर्मचारी तथा अन्य सरोकारवालाहरुसँग छलफल गर्दा महिला बालबालिका तथा अन्य लक्षित वर्गहरुको हक अधिकारका सम्बन्धमा देहायका सरोवारवालाहरुले देहायका विभिन्न क्षेत्रमा कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन् ।

- प्रारम्भिक कक्षा शिक्षा कार्यक्रम

प्रदिप कुमार यादव
नगर प्रमुख
बौधिमाई नगरपालिका
राजदेवी, रौतहट



Scanned with CamScanner

- शैक्षिक समानता र शैक्षिक समावेशी कार्यक्रम
- सुआहारा कार्यक्रम
- लैङ्गिक उत्तरदायी र समावेशी शासनलाई अगाडि बढाउन कर्तव्य वाहक र अधिकार धारकहरुलाई व्यापक क्षमता विकास कार्यक्रम
- मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रम
- समावेशी शासन, स्वतन्त्रताको प्रोत्साहन र नेपालका अपाङ्गता भएका महिला र बालिकाहरुको रुपान्तरित वातावरण परियोजना शिक्षा, स्वास्थ्य, र महिला सशक्तिकरण
- शिक्षा, स्वास्थ्य र महिला सशक्तिकरण कार्यक्रम ।

| लैससाससँग प्रत्यक्ष सम्बन्ध राख्ने सरोकारवालाहरु | विषयगत क्षेत्र/कार्यक्रम/गतिविधिहरू तथा दातृ निकाय | कार्य क्षेत्र (वडा) | बिस्तृत कार्य योजनासँग सहकार्यका लागि सम्भावित क्षेत्रहरू |
|---|---|---|---|
| आसमान नेपाल | प्रारम्भिक कक्षा शिक्षा कार्यक्रम USAID को सहयोगमा | पूरै १-९ वडामा | गुणस्तरीय प्राथमिक शिक्षा । |
| | शैक्षिक समानता र शैक्षिक समावेशी कार्यक्रम USAID को सहयोगमा | १-९ | समावेशी शिक्षा । |
| ग्रामीण विकास केन्द्र नेपाल (RDC) | सुआहारा कार्यक्रम USAID को सहयोगमा | १-९ | आमा र बालकालिको पोषण सुधार । |
| ओरेक | लैङ्गिक उत्तरदायी र समावेशी शासनलाई अगाडि बढाउन कर्तव्य वाहक र अधिकार धारकहरुलाई व्यापक क्षमता विकास कार्यक्रम, UN Women मार्फत EU र Government of Finland को सहयोगमा | १-९ | • स्थानीय प्रतिनिधि तथा सरकारी अधिकारीको क्षमता अभिवृद्धि,<br>• लैङ्गिक बजेट,<br>• लैङ्गिक अवस्थाको सर्भेक्षण । |
| मान्डवी<br>९.बलमबख७ | मातृ तथा नवजात शिशु स्वास्थ्य कार्यक्रम One Heart को सहयोगमा | १-९ | आमा तथा नवजात शिशु स्वास्थ्य । |



प्रदिप कुमार यादव
नगर प्रमुख
चौधीमाई नगरपालिका
सप्तरी

| | | | |
|---|---|---|---|
| नेपाल अपाङ्ग महिला संघ र मुक्ति नेपाल | समावेशी शासन, स्वतन्त्रताको प्रोत्साहन र नेपालका अपाङ्गता भएका महिला र बालिकाहरुको रुपान्तरित वातावरण परियोजना, UN Trust Fund को सहयोगमा | १-९ | अपाङ्गता भएका महिलाको अधिकार, संरक्षण र सशक्तिकरण । |
| प्रेरणा विकास नेपाल | शिक्षा, स्वास्थ्य र महिला सशक्तिकरण कार्यक्रम । | प्रवेशमा | महिलाको शिक्षा, स्वास्थ्य तथा सशक्तिकरण । |

## २.४ लैससास नीतिको आवश्यकता तथा औचित्यता:

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कार्यान्वयनमा ल्याइएको छ । सोही ऐनको दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका बिषयमा, स्थानीयस्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषयगत क्षेत्रमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागु गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरणसम्बन्धी अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने दायित्व स्थानीय सरकारको रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख गरिएबमोजिम नगरपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत आफ्नो पालिकामा आर्थिक तथा सामाजिक रुपले पछि परेका वा पारिएका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्नुपर्ने र पालिकामा समस्याको रुपमा बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, मानव बेचबिखन, छुवाछुत, दहेज तथा दाइजो, हलिया, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्वसमेत स्थानीय सरकारको रहेको छ । त्यसैले संवैधानिक तथा कानूनी दायित्व पूरा गर्नुका साथै देहायका आधार कारणसहित पालिकामा लैससास नीतिको आवश्यकता रहेको छ ।

क) लैङ्गिक समानता, सामाजिक न्याय तथा समावेशिताको सिद्धान्तलाई व्यावहारिक रुपमा आन्तरिकीकरण तथा स्थानीय तहमा मूलप्रवाहीकरण गर्न,
ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानीयकरण गरी दिगो विकासका लक्ष्य प्राप्त गर्न,
ग) नगरपालिकाको योजना तर्जुमा प्रक्रियादेखि कार्यक्रम सञ्चालन र परिणामसमेत लैससासमैत्री बनाउन,
घ) लैससासको अवधारणानुरुप पालिकाको शासन तथा नीतिगत तहमा सबैको समान प्रतिनिधित्व सुनिश्चित गर्न,
ङ) नगरपालिकाको सबै स्रोतहरुमा आवश्यकतानुसार लैससास उत्तरदायी बनाउन,
च) नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरु लक्षित समूहसम्म पुऱ्याउन मार्गनिर्देशन गर्न,
छ) पालिकाको क्षेत्रमा समानुपातिक विकासको लागि मानवीय तथा संस्थागत क्षमता सुदृढीकरण गर्न ।



प्रदिप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
यमुनामाई, रौतहट

## २.५ लैससास सम्बन्धी आधारभूत सिद्धान्तहरु

लैससास नीति तथा कार्ययोजना कार्यान्वयनमा देहायका सिद्धान्तहरु परिपालना गरिने छ ।

(क) **अविभेद (Non-discrimination) :** यो नीतिको कार्यान्वयनको सिलसिलामा महिला, पुरुष, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, बालबालिका, ज्येष्ठ नागरिक वा अपाङ्गता भएका व्यक्ति तथा अल्पसंख्यक माथि जातजाति, लिङ्ग, वर्ण, आर्थिक, सामाजिक, शारीरिक स्थिति वा भौगोलिक अवस्थितिका आधारमा भेदभाव गरिने छैन ।

(ख) **सारभूत समानता :** यो नीतिले लैससासका लागि सारभुत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाई अंगीकार गर्दछ ।

(ग) **समता :** यस रणनीतिले असमान व्यक्तिहरूबिच समता कायम गर्न असमान व्यवहार तथा सकारात्मक भेदभाव गर्नुपर्ने सिद्धान्तलाई स्वीकार्दछ ।

(घ) **कोही पछाडि नछुटून् :** यो नीति दिगो विकास लक्ष्यको कोही पनि पछाडि नछुटून् भन्ने अवधारणामा आधारित छ ।

(ङ) **कसैलाई हानि नपुऱ्याउने :** यो नीतिले कसैलाई पनि हानि नोक्सानी वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ ।

(च) **शून्य सहनशीलता :** यो नीतिले लैङ्गिक शोषण, विभेद र हिंसाका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गीकार गरेको छ ।

(छ) **अर्थपूर्ण सहभागिता (Meaningful participation) :** यो नीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरु (महिला, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत) को अर्थपूर्ण सहभागितालाई महत्व दिइने छ ।

(ज) **साझेदारिता र सहकार्य (Partnership and collaboration) :** यो नीतिको सफल र प्रभावकारी कार्यान्वयनमा सबै सरोकारवालाहरुको समन्वय, साझेदारिता र सहकार्यालाई महत्व दिनेछ ।

(झ) **सकारात्मक सोच :-** यो नीति सकारात्मक सोच लिई परिवर्तन सम्भव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

(ञ) **बालबालिकाको सर्वोत्तम हित (Best Interest of Children) :** यो नीतिले लैङ्गिक हिंसाको सम्बोधन गर्ने सवालहरुमा बालबालिकाको सर्वोत्तम हित र भलाईलाई सर्वोपरी राखिनेछ ।

(ट) **सारभूत समानता (Substantive Equality) :** यो नीतिले लैङ्गिकताका सवालमा सारभूत समानतालाई आत्मसात गर्नेछ ।

(ठ) **गोपनीयताको अधिकार (Rights to Privacy) :** यो हिंसाबाट प्रभावित व्यक्तिहरुको व्यक्तिगत गोपनीयताको अधिकारलाई पूर्ण ध्यान दिने छ ।

(ड) **पुरुष तथा किशोरहरुको संलग्नता (Men and Boys Engagement) :** यो नीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि पुरुष तथा किशोरहरुको संलग्नता अपरिहार्य छ भन्ने मान्यता राख्नेछ ।

प्रदिप कुमार यादव
नगर प्रमुख
बौधिमाई नगरपालिका

(ढ) **पीडित प्रभावितको संरक्षण (Protection of the Victims/Survivors) :** यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरुको संरक्षण र सुरक्षाको प्रत्याभूति दिलाउन पर्ने र आत्मसम्मानपूर्ण व्यवहार गर्नुपर्ने विषयलाई उच्च प्राथमिकतामा राख्नेछ ।

(ण) **न्यायमा पहुँच (Access to Justice) :** यो नीतिले लैङ्गिक हिंसा प्रभावितहरुका लागि न्यायमा पहुँचको सिद्धान्तलाई अंगीकार गर्नेछ ।

प्रदिप कुमार यादव
नगर प्रमुख
बौधिमाई नगरपालिका
परसौना, रौतहट

## परिच्छेद - ३

# बौधिमाई नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति

### ३.१ बौधिमाइ नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समानता तथा न्यायिक समाजको प्रवर्धनका लागि अपरिहार्य विषय हो भने मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय संयन्त्र तथा नेपालको संविधानको आधारभूत शर्त हो । यस नगरपालिकामा आर्थिक, सामाजिक, शैक्षिक, राजनैतिक, सास्कृतिक तथा विभिन्न कारणले पछाडि पारिएका वा परेका जातजाति, भाषा, धर्म, वर्ण, लिङ्ग वा क्षेत्रका जनताहरुको उथ्थान, शसक्तिकरण, नेतृत्व विकास तथा पालिकाबाट उपलब्ध गराइने सेवा सुविधामा समान पहुँच पुऱ्याउनका साथै विकासमा अग्रसरतासहित मूलप्रवाहीकरण गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विशेष नीति नियमको व्यवस्था गर्न सक्ने संवैधानिक प्रावधान अनुरुप **"बौधिमाइ नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०८१"** [illegible] जारी गरी लागु गरेको छ ।

### ३.२ दीर्घकालीन सोच

लैङ्गिक समानता तथा सामाजिक न्यायसहितको समृद्ध बौधिमाई नगरपालिका

### ३.३ दीर्घकालीन लक्ष्य

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अवधारणालाई नीतिगत तथा व्यवहारमा संस्थागत गर्ने

### ३.४ उद्देश्यहरु

१) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सिद्धान्तलाइ आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्ने,

२) नगरपालिकाको नीति तथा कार्यक्रम, योजना, सरचनागत संरचना, सेवा, सुविधा तथा बजेट लैंससास उत्तरदायी बनाउने ।

३) नगरपालिकाबाट उपलब्ध गराइने सार्वजनिक स्रोत, साधन तथा सेवामा महिला तथा लक्षित वर्गको पहुँच र नियन्त्रणको अवस्था बढाउन सशक्तिकरण गर्ने ।

४) महिला, लक्षितवर्ग तथा विपन्न वर्ग लगायत नगरपालिकाका सम्पूर्ण नागरिकहरुको मानव अधिकारको संरक्षण तथा सम्वर्धनका लागि आवश्कक नीतिनियमहरु तर्जुमा गर्ने

५) समाजमा विद्यमान लैङ्गिक तथा जातीय विभेद र सो आधारमा हुने हिसा तथा अन्य हानिकारक परम्परा र अभ्यासको अन्त्य गर्ने ।



Scanned with CamScanner

| | |
|---|---|
| **लैङ्गिक सम्बन्ध:** | महिला, पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकबिच प्रभुत्व वा अधीनस्थता जनाउने श्रेणीवद्ध शक्ति सम्बन्ध । |
| **लैङ्गिक तालिम:** | लैङ्गिक समानताका लागि लैङ्गिक मुद्दामा व्यक्तिगत वा संस्थागत चेतना तथा क्षमता अभिवृद्धि । |
| **लैङ्गिक हिंसा:** | लैङ्गिकताको आधारमा शारीरिक, मानसिक, आर्थिक, सांस्कृतिक, यौनजन्य तथा प्रजनन स्वास्थ्यमा हानि पुऱ्याउन सक्ने काम वा धम्की । |
| **पितृसत्ता:** | पुरुषबाट समाज निर्देशित हुनुपर्छ र महिला पुरुषको अधीनस्थ हो भन्ने मान्यता नै पितृसत्ता हो । पुरुष प्राथमिकीकरण मूल्य मान्यता र विश्वास । |
| **पितृसत्तात्मक संरचना:** | पुरुषको महिलामाथिको शारीरिक, सामाजिक र आर्थिक प्रभुत्व रहने गरी पद्धतिगत रुपमा संस्थागत गरिएको व्यवस्था । |
| **लैङ्गिक भेदभाव:** | लिङ्गको आधारमा अर्थात किशोर किशोरी, महिला पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकको आधारमा गरिने भेदभावपूर्ण सोच, व्यवहार, मूल्य मान्यता र कानुनी व्यवस्था । |
| **लैङ्गिक श्रम विभाजन:** | समाजद्वारा निर्धारित मान्यताका आधारमा महिला र पुरुषका लागि कुन काम गर्न ठिक वा बेठिक भनि गरिने निर्धारण । |
| **लैङ्गिक तटस्थ:** | विद्यमान लैङ्गिक असमानतालाई निरन्तरता दिने । |
| **लैङ्गिक संवेदनशील:** | विद्यमान लैङ्गिक असमानतालाई सम्वोधन गर्न आवश्यक लैङ्गिकमैत्री वातावरण, बोलीचाली, व्यवहार, स्रोत सामग्री, नीति नियम, सेवा सुविधा, सूचना प्रवाह आदि । |
| **लैङ्गिक रुपान्तरण:** | महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको विद्यमान लैङ्गिक भूमिका र सम्वन्धलाई पुनःपरिभाषित गर्ने । |
| **लैङ्गिक उत्तरदायी बजेट:** | लैङ्गिक समानता र आर्थिक उन्नतिका लागि विकास र लगानीमा महिला र पुरुषको समान पहुँच पुऱ्याउन छुट्याउने बजेट । |
| **समावेशिता:** | शासकीय प्रणालीको निर्णय तथा कार्यान्वयन गर्ने प्रकृयामा जनताहरुको विविधता तथा बहुलतालाई समावेश गर्ने नीति । |
| **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण:** | लैङ्गिक तथा समाजमा रहेका विभिन्न जातजाति आर्थिक तथा सामाजिक अवस्थाको आधारमा सबैलाई समाज तथा निर्णायक तह तथा प्रक्रियामा अर्थपूर्ण सहभागिताको लागि गरिने सकारात्मक प्रयास तथा पहलहरु । |
| **वहिष्कृत समूह:** | लामो समयदेखि प्रणालीगत रुपमा विभिन्न कारणले बञ्चितीकरणमा पारेका समुदायहरु । |
| **पीडित समूह :** | परिस्थितिगत रुपमा पछाडि परेका वा पछाडि पर्ने सम्भावना भएका समूह |
| **लैङ्गिकता प्रभाव विश्लेषण तथा मूल्याङ्कन :** | महिला तथा पुरुषहरुमा फाइदाजनक प्रभाव परेको छ छैन सो को सुनिश्चित गर्न यसले नीति तथा अभ्यासहरुको विश्लेषण तथा मूल्याङ्कन गर्न । |
| **लैङ्गिक तथा समावेशी संवेदनशील:** | महिला, गरिव तथा वहिष्कृत वर्गलाई क्षेत्रीय स्रोत तथा अवसरहरुमा पहुँचको सुनिश्चितता गर्न महिला, पुरुष तथा यौनिक अल्पसंख्यकहरुको विभिन्न आवश्यकता, असमान शक्ति सम्वन्ध तथा असमानतालाई सम्वोधन गर्न । |

प्रदिप कुमार यादव
नगर प्रमुख
बौधिमाई नगरपालिका
सप्तरी, रौतहट

३.५ परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा देहायका अर्थ भन्नाले

| | |
|---|---|
| **नीतिः** | **"बौधिमाई नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०८१" लाई जनाउँदछ ।** |
| **लिङ्गः** | "लिङ्ग" भन्नाले जन्मदाके अवस्थामा जैविक आधारमा (जनेन्द्रिय) महिला, पुरुष वा अन्य फरक लिङ्ग भनि थाहा पाउने प्राकृतिक पहिचान |
| **लैङ्गिकताः** | लैङ्गिकता भन्नाले लिङ्गको आधारमा महिला, पुरुष तथा अन्य फरक लिङ्गहरुको लागि समाजबाट निर्धारित पहिचान, मूल्य, मान्यता तथा भूमिकाहरुलाई जनाउँदछ । |
| **अन्तरविविधता (Intersectionality):** | कुनै एक व्यक्तिले लिङ्ग, जातजाति, वर्ग र अन्य धेरै तत्वका आधारमा कसरी दमनको सामना गर्नुपर्दछ भन्ने बारे विश्लेषण गर्ने अवधारणा, सामाजिक पहिचान एवं दमन, शोषण वा विभेदजन्य प्रणालीका कारण सीमान्तकृत व्यक्तिहरुको बारेमा बुझ्ने आधारलाई जनाउँदछ । |
| **लैङ्गिक खण्डीकृत तथ्यांकः** | लैङ्गिकताको आधारमा (महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक) संख्या, आर्थिक सामाजिक शैक्षिक तथा अन्य विषयमा छुट्टाछुट्टै तथ्यांकहरु सकलन गर्ने तथा व्यवस्थित गर्ने । |
| **बहुविभेद** ९mगतिष्उभि mकअचष्mष्लबतष्यल० र | लिङ्ग, वर्ण, जातजाति, धर्म वा आस्था, अपाङ्गता, उमेर, यौनिक रुझान वा अन्य विशेषताहरुमध्ये केही वा सबैका आधारमा गरिने भेदभाव |
| **लैङ्गिक समता :** | लिङ्गको आधारमा महिला, पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको फरक आवश्यकताको आधारमा स्वच्छ निष्पक्ष र न्यायिक व्यवहार तथा लैङ्गिक समानता कायम गर्नको लागि गरिने न्यायिक व्यवहार तथा नीतिगत पहलहरु । |
| **लैङ्गिक समानताः** | महिला, पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकबिच निजी तथा सार्वजनिक जीवनमा मानव अधिकारको उपयोग, योगदान, पहुँच तथा लाभमा समान अवस्था र अवसर । |
| **लैङ्गिक मूलप्रवाहीकरणः** | विकास तथा न्यायको पद्धतिमा महिला, गरिब तथा बञ्चितीकरणमा पारिएका व्यक्तिहरुको विषय तथा व्यवधानलाई मूलप्रवाहमा राखी कार्य गर्ने वा सो प्रकृयामा लैङ्गिक समानतालाई के कसरी अवलम्बन गर्ने वा मूलधारमा राख्ने भनि सुनिश्चित गर्ने रणानीति हो । |
| **लैङ्गिक आवश्यकताः** | लैङ्गिकताको अनुभवको आधारमा महिला र पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकले प्राथमिकता दिएको र व्यक्त गरेका आवश्यकताहरु |
| **लैङ्गिक योजनाः** | लैङ्गिक संवेदनशील नीति कार्यान्वयन गर्न गरिने प्राविधिक र राजनीतिक प्रकृया र कार्यविधि । |

प्रदिप कुमार यादव
नगर प्रमुख
बौधिमाई नगरपालिका

| | |
|---|---|
| **लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरु :** | कार्यालयमा लैङ्गिकता समानता तथा सामाजिक समावेशीकरण विषयमा काममा नीतिगत सुझाव दिने, काम गर्ने तथा सम्पर्क गर्ने व्यक्ति । |
| **लैसस संवेदनशील अनुगमन तथा मूल्याङ्कन:** | लैगिकताको आधारमा शक्ति संरचना र प्रयोगमा हुने अन्तर मापन गर्ने आधार नै लैसस संवेदनशील अनुगमन तथा मूल्याङ्कन । |
| **महिला सशक्तिकरण:** | महिला सशक्तिकरण भनेको महिलालाई आफुहरुमाथि भएको सामाजिक आर्थिक राजनीतिक कानूनी तथा व्यवहारमा हुने गरेका लैङ्गिक विभेदको विरोध गरी गलत र सही छुट्याउन सक्ने, गलत कार्यको विरोध गर्ने चुनौती दिने र सच्याउन पहल गर्न सक्ने क्षमतावान बनाउने प्रक्रिया । |
| **सकारात्मक विभेद:**<br><br>**लक्षित वर्ग :** | फरक तथा भेदभावका कारण पछाडि पारिएका समुदाय तथा क्षेत्रको लागि अरु जस्तै समान अवस्थामा पुऱ्याउनका लागि प्राथमिकताको आधारमा दिने थप सेवा सुविधा र विशेष व्यवस्था ।<br>सीमान्तकृत किसान, तराई दलित, विपन्न वर्ग, सुकुम्बासी, घरेलु हिंसा पीडित महिला, विद्यालय नजाने बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरु तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक |

## ३.६ लैससास नीति तथा रणनीतिहरु

यस नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक न्यायसहितको समृद्ध बौधिमाई नगरपालिकाको सोच अनुसार लैससास अवधारणालाई नीतिगत तथा व्यवहारमा संस्थागत लक्ष्य हासिल गर्न देहाय अनुसार लैससास नीति तथ रणनीतिहरु तय गरिएको छ ।

| क्र सं | नीतिहरु | रणनीतिहरु |
|---|---|---|
| नीति १. | बौधिमाई नगरपालिकामा लैससास नीति कार्यान्वयनका लागि आवश्यक नीति, कानुन र योजनाहरु तर्जुमा तथा संशोधन गरिने । | विद्यमान कानुनहरुको पुनरावलोकन गरी लैससासको नीति अनुरुप संशोधन गर्ने र लैससासमैत्री कानून तथा नीति नियम तथा कार्ययोजना बनाई कार्यान्वयन गर्ने । |
| | | लैससासमैत्री कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने । |
| | | लैससासमैत्री भौतिक तथा मानवीय स्रोत साधनको विकास गर्ने |
| नीति २. | लैससासलाई नीतिगत तथा कार्यगत रुपमा सम्बोधन गर्न लैससासमैत्री संस्थागत संरचनाको स्थापना गर्ने । | पालिका तथा वडास्तरीय लैससास मैत्रि संरचना बनाई महिला तथा अन्य पछाडि पारिएका समुदायकाको निर्णय प्रकृया तथा लाभको उपभोग सनिश्चितता गर्ने । |
| | | लैङ्गिक हिंसा उन्मूलन संयन्त्रहरु निर्माण गर्ने । |

प्रदिप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
जमुनिया, रौतहट



Scanned with CamScanner

| | |
|---|---|
| लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरु : | कार्यालयमा लैङ्गिकता समानता तथा सामाजिक समावेशीकरण विषयमा काममा नीतिगत सुझाव दिने, काम गर्ने तथा सम्पर्क गर्ने व्यक्ति । |
| संवेदनशील अनुगमन तथा मूल्याङ्कनः | लैंगिकताको आधारमा शक्ति संरचना र प्रयोगमा हुने अन्तर मापन गर्ने आधार नै संवेदनशील अनुगमन तथा मूल्याङ्कन । |
| महिला सशक्तिकरणः | महिला सशक्तिकरण भनेको महिलालाई आफुहरुमाथि भएको सामाजिक आर्थिक राजनीतिक कानूनी तथा व्यवहारमा हुने गरेका लैङ्गिक विभेदको विरोध गरी गलत र सही छुट्याउन सक्ने, गलत कार्यको विरोध गर्ने चुनौती दिने र सच्याउन पहल गर्न सक्ने क्षमतावान बनाउने प्रक्रिया । |
| सकारात्मक विभेदः<br><br>लक्षित वर्ग : | फरक तथा भेदभावका कारण पछाडि पारिएका समुदाय तथा क्षेत्रको लागि अरु जस्तै समान अवस्थामा पुऱ्याउनका लागि प्राथमिकताको आधारमा दिने थप सेवा सुविधा र विशेष व्यवस्था ।<br>सीमान्तकृत किसान, तराई दलित, विपन्न वर्ग, सुकुम्वासी, घरेलु हिंसा पीडित महिला, विद्यालय नजाने बालबालिका, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरु तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक |

३.६ लैससास नीति तथा रणनीतिहरु

यस नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक न्यायसहितको समृद्ध बौधिमाई नगरपालिकाको सोच अनुसार लैससास अवधारणालाई नीतिगत तथा व्यवहारमा संस्थागत लक्ष्य हासिल गर्न देहाय अनुसार लैससास नीति तथ रणनीतिहरु तय गरिएको छ ।

| क्र स | नीतिहरु | रणनीतिहरु |
|---|---|---|
| नीति १ | बौधिमाई नगरपालिकामा लैससास नीति कार्यान्वयनका लागि आवश्यक नीति, कानुन र योजनाहरु तर्जुमा तथा संशोधन गरिने । | विद्यमान कानुनहरुको पुनरावलोकन गरी लैससासको नीति अनुरुप संशोधन गर्ने र लैससासमैत्री कानून तथा नीति नियम तथा कार्ययोजना बनाई कार्यान्वयन गर्ने । |
| | | लैससासमैत्री कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने । |
| | | लैससासमैत्री भौतिक तथा मानवीय स्रोत साधनको विकास गर्ने |
| नीति २ | लैससासलाई नीतिगत तथा कार्यगत रुपमा सम्बोधन गर्न लैससासमैत्री संस्थागत संरचनाको स्थापना गर्ने । | पालिका तथा वडास्तरीय लैससास मैत्रि संरचना बनाई महिला तथा अन्य पछाडि पारिएका समुदायकाको निर्णय प्रकृया तथा लाभको उपभोग सनिश्चितता गर्ने । |
| | | लैङ्गिक हिंसा उन्मूलन संयन्त्रहरु निर्माण गर्ने । |



प्रदिप कुमार यादव
नगर प्रमुख
बौधिमाई नगरपालिका
बसबिट्टी, रौतहट

| | | |
|---|---|---|
| | | न.पा.मा लैससाससम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणालीको विकास गर्ने । |
| | | पालिकामा बालबालिका मैत्री सुशासन अवलम्बन गर्ने । |
| | | लैससासमैत्री विपद जोखिम तथा व्यवस्थापन समिति बनाउने । |
| नीति ३ | लक्षित वर्गको आर्थिक, सामाजिक, सास्कृतिक अधिकार तथा नागरिक तथा राजनैतिक अधिकारको संरक्षण तथा प्रबर्धन गर्ने । | मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरु स्थानीयकरण गर्न योजनागत कार्यक्रमहरु सञ्चालन गर्ने । |
| | | महिला तथा लक्षितवर्गहरुको आर्थिक सशक्तिकरणका लागि एकद्वार प्रणालीको विकास गर्ने । |
| | | अनौपचारिक क्षेत्रमा काम गर्ने महिला तथा सिमान्तकृत समुदायका श्रमिकहरुलाई क्रमस सामाजिक सुरक्षाको दायरमा ल्याउने । |
| | | श्रमिक, विषेश गरी महिला तथा सिमान्तकृत समुदायका श्रमिकको, हक अधिकार बारे क्षमता अभिवृद्धि गर्ने । |
| | | "एक वडा एक उत्पादन, आर्थिक समृद्धीमा महिला मूलप्रवाहीकरण" नारासहित महिलाको गरिवी घटाउने । |
| | | लक्षित वर्ग तथा हिंसाबाट पीडित महिलाहरुको आर्थिक सशक्तिकरण गर्न जीवन रुपणान्तरण कार्यक्रम सञ्चालन गर्ने । |
| | | लक्षित समुदायका बालबालिकाको शिक्षाको पहुँच वृद्धि गर्ने । |
| | | सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकारको व्यवहारिक प्रत्याभूतिको सुनिश्चितता गर्ने । |
| | | स्थानीयतहमा सुशासन तथा सार्वजनिक वित्तीय क्षमता अभिबृद्धि गर्ने |

प्रदिप कुमार यादव
नगर प्रमुख
चौधीमाई नगरपालिका
बरहथवा, सर्लाही



Scanned with CamScanner

| | | |
|---|---|---|
| नीति ४ | नेतृत्व तथा निर्णायक तहमा लक्षित वर्गको अर्थपूर्ण सहभागिताको लागि नेतृत्व क्षमता विकास गर्ने । | महिला तथा लक्षितवर्गको राजनीति नेतृत्व तथा क्षमता विकासका लागि विशेष नीति तथा कार्यक्रम तयार गर्ने |
| | | निर्वाचित पदाधिकारीहरुको विषयगत नेतृत्व क्षमता विकास गर्ने |
| | | महिलाको अर्थपूर्ण तथा सहभागिमूलक नेतृत्वको विकास गर्ने । |
| | | स्थानीय तहको नीति, कार्यक्रम तथा बजेटमा बालबालिकाहरुको क्षमता विकास तथा सहभागिता सुनिश्चित गर्ने । |
| नीति ५ | पितृसतात्मक, विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वासका साथै लैङ्गिक हिंसारहित नगरपालिका बनाउने । | लैङ्गिक हिंसा मुक्त पालिका निर्माण गर्ने |
| | | महिला तथा लक्षित वर्गहरुको न्यायमा पहुँच वृद्धिको लागि न्यायिक समितिको संस्थागत सदृढीकरण गर्ने । |
| | | समाजमा विद्यमान लैङ्गिकतामा आधारित असमान शक्ति सम्बन्धको अन्त्य गरी समानता र न्यायमा आधारित समाजको विकास गर्ने । |
| नीति ६ | लैससास बजेटको अवधारणालाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र स्थानीयकरण गर्ने । | न.पा.मा लैङ्गिक उत्तरदायी नीति, योजना, बजेट तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन लागि नीतिगत व्यवस्था गर्ने । |
| | | लैससास नीति तथा कार्ययोजना कार्यान्वयनका लागि समन्वय, सहकार्य, अनुगमन तथा मूल्यांकन, र विश्लेषण तथा समीक्षा गर्ने |

प्रदिप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
यमुनमाई, रौतहट

परिच्छेद–४

## संस्थागत संरचना तथा अनुगमन

यस लैससास नीति तथा कार्ययोजना प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्न, कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित सरकारी तथा गैरसरकारी संघसस्थासँग सहकार्य गर्न, नीति र कार्ययोजनाको पुनरावलोकन तथा समयसापेक्ष संशोधन गर्न पालिकास्तरिय अनुगमन तथा मूल्यांकन समिति तथा वडास्तरिय उप समिति गठन गर्नेछ।

### ४.१ लैससास नीति तथा कार्ययोजना २०८१ को कार्यान्वियन, अनुगमन तथा मूल्यांकन समिति

यस समितिमा देहायका सात सदस्यहरु रहने छन्।

| | |
|---|---|
| क) नगरपालिका उपप्रमुख | सयोजक |
| ख) कार्यपालिका सदस्यहरुमध्येबाट दलित सदस्य | सह सयोजक |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) योजना शाखा | सदस्य |
| ङ) स्थानीय गैरसरकारी संघ सस्थामध्येबाट कम्तीमा एक जना महिलासहित | सदस्य (२ जनासम्म) |
| च) महिला, बालबालिका, तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य सचिव |

### ४.२ वडास्तरीय अनुगमन तथा मूल्याङ्कन उपसमिति

यस कार्यदलमा संयोजकसहित देहायका सात सदस्यहरु रहने छ।

| | |
|---|---|
| क) महिला सदस्य | संयोजक |
| ख) वडासदस्य (महिला तथा सिमान्तिकृत सदस्यहरुबाट १ जना) | सदस्य |
| ग) वडा सचिव | सदस्य सचिव |
| घ) संघसंस्थाबाट युवाको प्रतिनिधित्व १ जनासहित आवश्यकतानुसार २ जना | |

### ४.३ समितिको काम कर्तव्य र अधिकार

यस समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

प्रदिप कुमार यादव
नगर प्रमुख
चौधैपाई नगरपालिका

क) पालिकाको ऐन, कानुन, नीति, आवधिक योजना, विषयगत योजना, पार्श्वचित्र लगायत सबै दस्तावेजलाई पुनरावलोकन गरी लैससास अनुरुप बनाउन संशोधन तथा परिमार्जन गर्ने,

ख) लैससासका समस्या समाधान हुने गरी न.पा.को योजना तथा बजेटलाई लैङ्गिक उत्तरदायी बनाउने,

ग) पालिकाको खण्डीकृत् तथ्यांक सकलन, विश्लेषण, अभिलेखीकरणलाई समयानुकूल अद्यावधिक गर्ने,

घ) पालिकाको कार्यक्रम, नीति, योजना तथा बजेटको कार्यान्वयन र बजेट बाँडफाँट, खर्चको लेखाजोखाको लैङ्गिकमैत्री अनुगमन तथा मूल्यांकन गर्ने गराउने,

ङ) पालिकाको कार्यक्रम तथा बजेटको लैङ्गिक लेखाजोखा तथा परीक्षण गर्न नेतृत्वदायी भूमिका निभाउने,

च) पालिकाको नीति नियम, योजना, कार्यक्रमहरु लैससासअनुरुप बनाउन सम्बन्धित विषय विज्ञ तथा स्थानीय संघसंस्थाहरुसंग आवश्यक समन्वय तथा सहकार्य गर्ने,

छ) पालिकाको लैससाससम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने,

ज) लैससास नीति तथा पाँच वर्षे विस्तृत कार्ययोजना कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने ।

## ४.५ पालिकास्तरीय लैससास शाखा तथा उपशाखाको स्थापना

विद्यमान महिला बालबालिका तथा समाज कल्याण शाखालाई लैससास नीति तथा कार्ययोजना कार्यान्वयनका लागि लैससास शाखाको रुपमा परिमार्जन गरी नगरपालिकास्तरीय लैससास सम्पर्क व्यक्ति सहित लैससास शाखा र वडामा लैससास वडास्तरीय उपशाखाको स्थापना गरिनेछ । सो शाखामा आवश्यकतानुसारको कर्मचारीहरुको व्यवस्था गरिने छ ।

## ४.६ पालिकास्तरीय लैससास शाखाको काम कर्तव्य र अधिकार

१. लैससास नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासंग प्रभावकारी समन्वय र सहकार्य गर्ने,
२. नगरपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकाशित दस्तावेजमा लैससासको विषयवस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने,
३. लैससास रणनीति अनुरुप लैङ्गिक तथा सामाजिक विकासको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने,
४. योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने,
५. लैससास सम्बन्धी खण्डीकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने,

प्रदिप कुमार यादव
नगर प्रमुख
गौशाला नगरपालिका



Scanned with CamScanner

६ लैससास सम्बन्धी क्षमता अभिबृद्धि योजना तयार गरी लैससास क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने,

७ लैससास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने,

८ उल्लिखित कार्यहरु गर्न कार्य योजना र बजेटसहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

४.७ वडास्तरीय लैससास उपशाखाको काम कर्तव्य र अधिकार

यस उपशाखाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. नगरपालिकाको लैससास शाखाले गरेको कार्यहरु जस्तै ऐन, कानून, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेजहरु समुदाय स्तरका सरोकारवाला र नागरिक समाजसंग छलफल गरी सो अनुसार उनीहरुको कार्यक्रममा लैससास सम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

२. नगरपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृयादेखि कार्यान्वयन र अनुगमनको चरणसम्म समुदायका विपन्न वर्ग तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसंग समन्वय र सहकार्य गर्ने ।

३. नगरपालिकाको वडातहको लैससास सम्बन्धी खण्डीकृत तथ्याङ्को व्यवस्था गर्न र समयानुकूल अद्यावधिक गर्न सहयोग गर्ने ।

४ लैससास शाखाको निर्देशनअनुसार लैससास सम्बन्धी वडास्तरीय कार्यक्रमहरु सञ्चालन गर्ने र गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

५. नगरपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारिता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाइदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निभाउने ।

५. नगरपालिकाको वडास्तरमा लैससास सम्बन्धी क्षमता विकासको योजना तयार गरी लैससास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

५. नगरपालिकाको वडास्तरमा लैससास सम्बन्धी क्षमता विकासको योजना तयार गरी लैससास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

४.८ समन्वय, सहकार्य तथा सम्प्रेषण

लैससास नीति तथा पाँच वर्षे विस्तृत कार्ययोजना कार्यन्वयनका लागि आवश्यकता अनुसार स्थानीय, प्रदेश तथा संघिय सरकारका विभिन्न सरकारी निकाय, गैससरकारी तथा सामाजिक संघसंस्थाहरु र निजीक्षेत्रहरुसंग समन्वय तथा सहकार्य गरिने छ। समन्वय तथा सहकार्यका लागि देहाय अनुसार निर्देशिका तथा मापदण्डहरु तयार गरी लागु गरिने छ

१) लैससास नीति तथा कार्ययोजना कार्यन्वयनका लागि पालिकाभित्र रहेका विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु र बैंक, वित्तीय संस्था, सहकारी, उद्योग, वाणिज्य संघ, घरेलु उद्योग,

निजी व्यवसाय तथा गैरसरकारी संघसंस्थाबिच समन्वय, सहकार्य तथा सम्प्रेषण गर्न पब्लिक प्राइभेट पार्टरसिपसम्बन्धी स्थानीय सहकार्य तथा समन्वय निर्देशिका निर्माण गरी लागु गर्ने,

२) हिंसा पीडित महिला, बालबालिका तथा दलित समुदायको न्यायमा पहुंच, सिप बिकास, रोजगारी, स्वास्थ्य उपचार, मनोसामाजिक परामर्श, कानूनी सहयोग तथा परामर्श तथा पुनर्स्थापनाको लागि OCMC, सेवा गृह, पुनर्स्थापना केन्द्र, प्रहरी तथा जिल्ला सरकारी बकिल कार्यालयका साथै अन्य सरोकारवाला निकायहरुसँग सहकार्य, समन्वय तथा सम्प्रेषण गर्न नीतिगत व्यवस्था गरी लागु गर्ने,

३) विभिन्न स्थानीय सामाजिक संघसंस्था तथा दातृसंस्थाहरु महानगरपालिकासँग समन्वय तथा सहकार्यमा काम गर्दा लैङ्गिक मुलप्रवाहिकरण तथा एकिकृतको लागि न्यूनतम मापदण्ड तयार गरी लागु गर्ने,

४) प्रजनन स्वास्थ्य अधिकार तथा सेवालाई चुस्तदुरुस्त उपलब्ध गराउन आवश्यक सहयोग तथा सरोकारवाला संस्था -SBA, OCMC, SAS, FPAN, CMC आदि० सँग समन्वय, सहकार्य तथा सम्प्रेषण गर्ने,

प्रदिप कुमार यादव
नगर प्रमुख
चौधीमाई नगरपालिका
बरमुवा, दौलतट

परिच्छेद–५

# लैससास नीति तथा रणनीतिको कार्यान्वयन

## ५.१ नीतिको कार्यान्वयन

बौधिमाई नगरपालिकाबाट पास भएको मितिबाट यो नीति कार्यान्वयन हुनेछ । यो नीति नगरपालिकाबाट तर्जुमा गर्ने कानून नीति नियम तथा अन्य योजना र बजेटका साथै कार्यक्रमहरुमा लैससास मूलप्रवाहीकरणका लागि मार्गनिर्देशनको रुपमा लागु गर्नुपर्नेछ । नीति प्रभावकारी रुपमा कार्यान्वयनका लागि तत्काल बिस्तृत कार्ययोजना तयार गरी लागु गर्नेछ

## ५.२ आर्थिक स्रोत

यस लैससास नीति तथा कार्ययोजना कार्यान्वयनका लागि लागि आवश्यक स्रोत साधनसहित वार्षिक रुपमा छुट्टै बजेटको व्यवस्था गर्नेछ । नगरपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममा लैससास नीतिलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्नेछ । यो नीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण, लैससास विज्ञको आपूर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे सरोकारवालाहरुसँग छलफल गरी नगरपालिकाले प्रत्येक आर्थिक वर्षको नीति तथा बजेटमा यो शीर्षकमा आवश्यक बजेट बिनियोजन गर्नेछ । लैससास नीति कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ ।

## ५.३ मानवीय स्रोत

यस लैससास नीति तथा कार्ययोजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार नगरपालिकास्तरीय लैससास कार्यान्वयन शाखा हुनेछ । यस नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरसभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समिति लगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ । नगरपालिकाले नीति कार्यान्वयनको लागि आवश्यकताअनुसार जनशक्तिको विकास गरी जिम्मेवार बनाउने छ । लैससास नीतिको दैनिक कार्यान्वयनको लागि पालिकास्तरीय लैससास शाखा र वडास्तरीय उपशाखाको स्थापना गरी सो अनुसार कर्मचारीको व्यवस्था गर्नेछ ।

## ५.४ नीतिको पुनरावलोकन तथा सुधार

यस नीति आवश्यकतानुसार परिमार्जन गर्न प्रत्येक वर्षमा नीतिको पुनरावलोकन गर्नेछ । यसरी पुनरावलोकन पालिकास्तरीय लैससास शाखा आफै वा विशेषज्ञ नियुक्ति गरी गर्न सक्नेछ । शाखाले आवश्यक ठानेमा जुनसुकै बेला पनि पुनरालोकन गर्न सक्नेछ । पुनरावलोकन तथा सुधार गर्दा यस नीतिको सिद्धान्त विपरित गर्न पाइने छैन ।

## ५.५ खारेजी तथा बचाउ

यस नीतिमा उल्लेखित व्यवस्थाहरु प्रचलित कानूनसंग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछ।

प्रदिप कुमार थारु
नगर प्रमुख
बौधिमाई नगरपालिका
जनकपुरधाम, रौतहट



Scanned with CamScanner

परिच्छेद–६

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८१ कार्यान्वयनको पाँच वर्षे विस्तृत कार्ययोजना २०८१/८२ - २०८५/८६

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको अवधारणलाई आन्तरिकीकरण, मूलप्रवाहिकरण तथा स्थानीयकरण गरी सबैको लागि सम्मान तथा न्याय बोध हुने वातावरण निर्माण गर्न बौधिमाई नगरपालिकाले **जारी गरेको "बौधिमाई नगरपालिका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)** नीति २०८१ को प्रभावकारी रुपमा कार्यान्वयन **गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०८१ कार्यान्वयनका पाँच वर्षे बिस्तृत कार्ययोजना** तर्जुमा गरी आज मिति ........ मा जारी गरेको छ।

## ६.१ उद्देश्य

लैससास नीति २०८१ को प्रभावकारी रुपमा कार्यान्वयन **गर्न तयार गरिएको** विस्तृत कार्ययोजनाको प्रमुख उद्देश्य नीति अनुरुप लैससासलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण तथा स्थानीयकरण गर्नु हो

## ६.२ औचित्यता

बिस्तृत कार्ययोजनाको औचित्यता देहायअनुसार रहेको छ।

क) नीतिलाई प्रभावकारी, व्यवस्थित, निरन्तर तथा योजनावद्ध रुपमा कार्यान्वयन गर्नुका साथै कार्यान्वयनमा एकरुपता कायम गर्न,

ख) नीतिले लैससास कायम गर्न सम्पन्न गर्दै आएका सकारात्मक प्रयासलाई निरन्तरता दिँदै लैससास उत्तरदायी बजेट तथा योजना विस्तारित गर्न,

ग) नीति कार्यान्वयन प्रक्रिया बढि सहभागितामूलक बनाउन, सेवा प्रवाहलाई नागरिकमैत्री तथा विपन्न एव लक्षित वर्गप्रति बढी जवाफदेही बनाउन,

घ) लक्षित वर्ग तथा समुदायको आवश्यकता अनुरुप सही समयमा सही कार्यक्रम सही विधिबाट सञ्चालन गर्न मार्गदर्शनको रुपमा प्रयोग गर्न,

ङ) सेवा तथा उत्पादनमूलक कार्यमा लैङ्गिक मूलप्रवाहीकरण गर्न विभिन्न सकारात्मक उपायका व्यवस्था गर्न र कार्यक्रमअनुसार बजेट विनियोजन गर्न सहजीकरण गर्न,

च) कार्यक्रमको प्रगति अनुगमन तथा विश्लेषण गर्न र स्रोत साधनको सही सदुपयोग गर्न

## ६.३ नीति तथा कार्ययोजना तयारी विधि तथा प्रक्रिया

यो विस्तृत कार्ययोजना तयार गर्ने क्रममा यस गाउँपालिकाको पदाधिकारी, कर्मचारी तथा सरोकारवाला निकायहरुको सल्लाह सुझावअनुसार सहभागितामूलक विधि अपनाई देहायका प्रक्रियाद्वारा सूचना तथा जानकारी संकलन गर्ने काम गरेको थियो।

प्रदीप कुमार यादव
नगर प्रमुख
बौधिमाई नगरपालिका



Scanned with CamScanner

**कानूनी दस्तावेज तथा प्रतिवेदनहरुको अध्ययन विश्लेषण :** कार्ययोजना तयार गर्नु भन्दा अगाडि मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज, नेपालको संविधान, संघीय तथा प्रदेश सरकारबाट निर्मित विभिन्न नीति नियम तथा कार्यक्रमहरुका साथै स्थानीय सरकारबाट निर्मित नीति नियम र वार्षिक कार्यक्रमहरुको प्रतिवेदन, वार्षिक नीति कार्यक्रम तथा बजेटको अध्ययन गरी लैससासको अवधारणाबाट विश्लेषण गरेको थियो ।

**पूर्व परामर्श बैठक:** नीति नियम तथा कार्यक्रमको प्रतिवेदन अध्ययनको आधारमा केन्द्रित भई प्रश्नावलीहरु तयार गरी प्रत्येक पालिकाका जनप्रतिनिधिहरु, कर्मचारीका साथै पालिकामा कार्यरत गैरसरकारी संस्थाका प्रतिनिधि, शिक्षक लगायत विभिन्न सरोकारवाला संस्थाका प्रतिनिधिहरुको उपस्थितिमा पूर्व परामर्श बैठक बसेको थियो । उक्त परामर्श बैठकमा पालिकमा विद्यमान लैसासास सम्बन्धी समस्या, सम्बोधन गर्नुपर्ने विषयवस्तु, चुनौती तथा अवसरको बारेमा छलफल भएको थियो। लैससास नीति कार्यान्वयन विस्तृत कार्ययोजनाको महत्व, उद्देश्य तथा समावेश गर्नुपर्ने क्रियाकलापहरुको बारेमा विस्तृत रुपमा छलफल गरी कार्ययोजना कस्तो हुनुपर्छ भन्ने बारेमा धारणा तथा सुझावसमेत संकलन गरेको थियो ।

**विस्तृत कार्ययोजनाको मस्यौदा तयारी:** कानूनी दस्तावेजहरुको अध्ययन र पूर्व परामर्श बैठकका साथै प्रमुख प्रशासकीय अधिकृत तथा लैङ्गिक सम्पर्क व्यक्ति र अन्य सरोकारवालाहरुसंग गरिएको छलफलबाट आएको सुझावको आधारमा मस्यौदा कार्ययोजना तयार गरी नगरपालिकाको पदाधिकारी तथा सरोकारवालाहरुको अध्ययनको लागि उपलब्ध गराएको थियो ।

**मस्यौदा कार्ययोजनाको प्रस्तुति, छलफल र पृष्ठपोषण संकलन :** मस्यौदा कार्ययोजनाको तयारी पश्चात पुनः कार्ययोजना प्रस्तुतिको लागि परामर्श गोष्ठीको आयोजना गरेको थियो । मस्यौदा कार्ययोजनाको तयारी गर्ने परामर्शदाताहरुबाट कार्ययोजना विस्तृत रुपमा प्रस्तुत गरे पश्चात सहभागीहरुबिच व्यापक रुपमा छलफल भई थप सुधार तथा परिमार्जन गर्नुपर्ने विषयमा बुँदागत रुपमा सुझावहरु उपलब्ध गराएको थियो । उपलब्ध सुझावहरुलाई आवश्यकतानुसार थपघट गरी मस्यौदा कार्ययोजनालाई अन्तिम रुप दिने काम भएको थियो ।

**विस्तृत कार्ययोजना अन्तिम र पेश :** मस्यौदा कार्ययोजनामा यस गाउँपालिकाका पदाधिकारी तथा सम्बन्धित कर्मचारीहरुसंग गरिएको परामर्श तथा छलफलबाट आएको सुझावलाई समावेश गरी यो अन्तिम विस्तृत कार्ययोजना तयार गरेको छ ।

प्रदिप कुमार यादव
नगर प्रमुख
धोबीनी नगरपालिका

## ६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न तयार गरिएको पाँचवर्षे बिस्तृत कार्ययोजना २०८१/८२-२०८५/८६

**नीति १: बौधिमाई नगरपालिकामा लैससास नीति कार्यान्वयनका लागि आवश्यक नीति, कानुन र योजनाहरु तर्जुमा तथा संशोधन गरिने ।**

| क्र सं | रणनीति | कार्यक्रम तथा क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वयर सहकार्य | बजेट आन्तरिक | बजेट बाह्य | समयसीमा | प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | विद्यमान कानुनहरुको पुनरावलोकन गरी लैससासको नीति अनुरुप संशोधन गर्ने र लैससासमैत्री कानून तथा नीति नियम तथा कार्ययोजना बनाई कार्यान्वयन गर्ने । | न.पा.को बालिका तथा समावेशी सञ्जाल गठन तथा सञ्चालन कार्यविधि २०८० को प्रावधान "पालिकाभित्र बसोबास गर्ने दलित, मुस्लिम, अपाङ्गता भएका महिला अभिभावकबाट एक जना" लाई बढाएर जनसंख्याका आधारमा कम्तीमा २ जना महिला प्रतिनिधिको व्यवस्था गर्ने । | दलित, मुस्लिम, र अपाङ्गता भएका महिला | न.पा | UN Women, लैंससास विज्ञ | ✓ | | ६ महिना भित्र | महिला प्रतिनिधिको बृद्धि । |
| | | विद्यमान कानुनहरुको लैससासको नीति अनुरुप पुनरावलोकन गर्ने । | महिला तथा लक्षित वर्ग | गा.पा | कानून मन्त्रालय, लैससास विज्ञ, विज्ञ गैसस | ✓ | | २ वर्ष भित्र | विद्यमान कानुनहरुका पुनरावलोकन । |
| | | लैससास प्रवर्धन गर्न पालिकाको दीर्घकालीन तथा अल्पकालीन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने । | महिला तथा लक्षित वर्ग | गा.पा | लैससास विज्ञ, विज्ञ गैसस | ✓ | | ६ महिना भित्र | योजना कार्यान्वयन । |
| २ | लैससासमैत्री कार्यक्रमहरु तर्जुमा | बालविवाह उन्मूलन नीति तथा कार्ययोजना बनाई प्रभावकारी रुपमा कायान्वयन गर्ने । | बालबालिका र अभिवावक | न.पा | युनिसेफ, लैससास विज्ञ, विज्ञ गैसस, | ✓ | ✓ | निरन्तर | नीति तथा कार्ययोजना कार्यान्वयन । |

कुमार यादव
नगर प्रमुख
बौधिमाई नगरपालिका
रौतहट

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गरी कार्यान्वयन गर्ने । | | | | प्रदेश र संघीय म.बा.जेष्ठ नागरिक मन्त्रालय | | | | |
| | | घरेलु हिंसालगायत लैङ्गिकतामा आधारित महिला तथा किशोरीहरु विरुद्ध हुने सबै प्रकारका हिंसा उन्मूलनका लागि **"बौधिमाई नगरपालिकाको प्रतिबद्धता लैङ्गिक हिंसा विरुद्ध शून्यसहिष्णुता"** को नारासहित पाँच वर्षे कार्ययोजना बनाई लागु गर्ने । | महिला तथा किशोरीहरु | न.पा., वाडं | UN Women, युनिसेफ, लैससास बिज्ञ, बिज्ञ गैसस, महिला सेल, OCMC | ✓ | ✓ | २ वर्ष भित्र | पाँच वर्षे कार्ययोजना लागु । |
| | | कार्यस्थल (पालिका, विद्यालय, प्रहरी, गैसस तथा अन्य निकायहरु) मा हुने हिंसा तथा यौन दुर्व्यवहार नियन्त्रणका लागि **आचार संहिता** बनाई लागु गर्ने र गर्न लगाउने । | महिला, पुरुष र अन्य श्रमिक तथा कर्मचारी | न.पा., विद्यालय, प्रहरी, गैसस | | ✓ | | १ वर्ष भित्र | आचार संहिता लागु । |
| | | पालिका स्तरमा परिवारमा कोहि नभएका महिला, बालबालिका तथा जेष्ठ नागरिकहरुका लागि **एकीकृत स्याहार नीति तथा रणनीति** निर्माण गरी कार्यान्वयन गर्ने । | महिला, पुरुष तथा अन्य श्रमिक तथा कर्मचारी | न.पा | UN Women, युनिसेफ, लैससास बिज्ञ, बिज्ञ गैसस | ✓ | | २ वर्ष भित्र | नीति तथा रणनीति कार्यान्वयन । |
| | | लैङ्गिक हिंसा निवारण कोष सञ्चालन निर्देशिका जारी गर्ने । | हिंसा पीडित महिला, किशोरी तथा अन्य व्यक्ति | न.पा | संघीय म.बा.जेष्ठ नागरिक मन्त्रालय | ✓ | | १ वर्ष भित्र | कोष सञ्चालन निर्देशिका जारी । |

प्रदिप कुमार यादव

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | नीति तथा बजेट निर्माण प्रकृयामा **नागरिक संलग्नता नीति तथा बजेट** निर्माण गरी कार्यान्वयन गर्ने । | लक्षित वर्ग | न.पा | गै.स.स. महासंघ | ✓ | | १ वर्ष भित्र कार्यान्वयन: निरन्तर | नागरिक संलग्नता नीति तथा बजेट निर्माण । |
| ३. | लैससासमैत्री भौतिक तथा मानवीय स्रोत साधनको विकास गर्ने । | समावेशी भौतिक संरचना बनाउन मापदण्ड निर्माण गरी न.पा, प्रहरी कार्यालय, स्वास्थ्य चौकी, अस्पताल, सेवागृह, विद्यालय, आदि सेवा प्रदायक सरकारी र निजी क्षेत्रका शौचालय तथा स्तनपान कक्ष लगायत सबै संरचनाहरु लैङ्गिक, अपाङ्गता, जेष्ठतामैत्री बनाउने र बनाउन लगाउने । | जेष्ठ नागरिक, गर्भवती तथा स्तनपान गराउने महिला र बच्चा, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैङ्गिक अल्पसंख्यक | न.पा | सरकारी तथा निजी संस्था, अपाङ्गता, जेष्ठ नागरिक, तथा यौनिक तथा लैङ्गिक अल्पसंख्यकको लागि काम गर्ने गैसस | ✓ | ✓ | ४ वर्ष भित्र | समावेशी भौतिक संरचना निर्माण । |
| | | न.पा स्तरमा शिशु स्याहार सेवाहरू/प्रारम्भिक बाल विकास केन्द्र एवं बहुउद्देश्यीय जेष्ठ स्याहार हबहरू स्थापना विस्तार गर्ने । | बालबालिका तथा जेष्ठ नागरिक | न.पा | संघीय तथा प्रदेश म.बा.जेष्ठ नागरिक मन्त्रालय | | | १ वर्ष भित्र | स्याहार हबहरू संचालित । |
| | | लैससास ा विषयमा पालिकाका प्रतिनिधि, कर्मचारी तथा सबै वडाका सामाजिक अभियन्ताहरुको लागि सचेतना सामग्री तयार गरी प्रशिक्षक प्रशिक्षण गर्ने । | प्रतिनिधि, कर्मचारी, अभियन्ताहरु | न.पा | सम्बन्धित संस्थाहरु | | | निरन्तर | सचेतना सामग्री वितरण तथा प्रशिक्षण सम्पन्न । |
| | | समुदायस्तरमा मनोसामाजिक परामर्शदाताको छनौट तथा क्षमता अभिवृद्धि गर्ने र उनीहरु मार्फत लैङ्गिक हिंसाका पीडित तथा प्रभावितहरुलाई मनोसामाजिक परामर्शको सेवा दिने र OCMC लगायतका निकाएमा सम्प्रेषण गर्ने । | हिंसा पीडित तथा प्रभावित महिला, किशोरी तथा अन्य व्यक्ति | न.पा | UN Women, UNFPA, युनिसेफ, | ✓ | ✓ | निरन्तर | समुदायस्तर मनोसामाजिक तथा रेफरल सेवामा वृद्धि |



प्रदिप कुमार यादव
नगर प्रमुख
धौबीमाई नगरपालिका
बलगुजरा, रौतहट

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | लैङ्गिक हिंसाको क्षेत्रमा काम गर्ने गैसस | | | | |

**नीति २: लैससासलाई नीतिगत तथा कार्यगत रुपमा सम्बोधन गर्न लैससासमैत्री संस्थागत संरचनाको स्थापना गर्ने ।**

| क्र सं | रणनीति | कार्यक्रम तथा क्रियाकलाप | लक्षित समुदाय | प्रमुख जिम्मेवारी | समन्वय र सहकार्य | बजेट | | समयसीमा | प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक | बाह्य | | |
| १ | पालिका तथा वडास्तरीय लैससास मैत्रि सम्चना बनाई महिला तथा अन्य पछाडि पारिएका समुदायकाको निर्णय प्रकृया तथा लाभको उपभोग सुनिश्चितता गर्ने । | पालिकाभित्र लैससास सम्पर्क व्यक्ति (जेसी फोकल पर्सन) सहितको **लैससास शाखा तथा उपशाखा स्थापना** गर्ने । | महिला, किशोरीहरु र अन्य लक्षित बर्ग | न.पा | लैससास विज्ञ, लैससास को क्षेत्रमा काम गर्ने गैसस | ✓ | | ३ महिना भित्र | लैससास शाखा स्थापना भई कार्यशील । |
| | | अपाङ्गता भएका महिला, जेष्ठ महिला, दलित महिला, एच.आइ.भी प्रभावित/सक्रमित महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, धार्मिक अल्पसख्यक, तथा एकल महिलासहितको पालिकास्तरीय **महिला विज्ञ समिति** गठन तथा परिचालन गर्ने र नीति निर्माण तथा निर्णयहमा सहभागी गराउने । | अन्तरविविधिता सवाल भोगिरहका वा सवाललाई प्रतिनिधित्व गर्ने महिलाहरु | न.पा | UN Women, UNFPA, महिला आयोग | ✓ | | १ वर्ष भित्र | महिलाका अन्तरविविधिता सवालहरुको सम्बोधन । |
| | | लैससास सम्पर्क व्यक्तिसहित वडास्तरमा पाँच जना सदस्यहरुमध्ये एक जना महिला तथा दलित प्रतिनिधिसहितको **वडास्तरीय लैससास उपशाखा स्थापना** गर्ने । | महिला तथा दलित प्रतिनिधि, लक्षित बर्ग | वडा | लैससास तथा दलित अधिकारमा काम गर्ने गैसस | ✓ | | ६ महिना भित्र | वडा समितिहरु गठन कार्यशील । |
| | | महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा धार्मिक अल्पसंख्यकको समस्या | लक्षित बर्ग | न.पा | युनिसेफ, | ✓ | | ३ वर्ष भित्र | अध्ययन, अनुसन्धानका निश्कर्षबारे |



Scanned with CamScanner

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | तथा आवश्यकताको पहिचानको लागि अध्ययन, अनुसन्धान तथा अन्तरकृया गर्ने । | | | UN Women, UNFPA, गैसस | | | | अन्तरकृया सम्पन्न । |
| | | लैङ्गिक हिंसा निगरानी निवारण समूह/संजाल गठन पुनर्गठन तथा परिचालन गर्ने । | महिला तथा किशोरी | न.पा, वडा | UN Women, लैङ्गिक हिंसामा काम गर्ने गैसस | ✓ | | १ वर्ष भित्र | समूह/सञ्जाल गठन तथा परिचालन |
| | | पालिकास्तरीय अपाङ्गता अधिकार समिति गठन गर्ने । | अपाङ्गता भएका व्यक्ति | न.पा | अपाङ्गताको क्षेत्रमा काम गर्ने गैसस | ✓ | | ३ महिना भित्र | अपाङ्गता अधिकार समिति कार्यशील । |
| | | पालिकातहमा अपाङ्गता पहिचान सरलीकरण गर्न अपाङ्गता सरलीकरण गर्ने एप्लिकेसनको (Disability Screen APP) प्रयोग गर्न क्षमताको विकास गरी प्रयोगमा ल्याउन | | न.पा | | ✓ | ✓ | २ वर्ष भित्र | एप्लिकेसनको प्रयोग । |
| २. | लैङ्गिक हिंसा उन्मूलन संयन्त्रहरु निर्माण गर्ने । | पालिकास्तरमा लैससास शाखा अन्तर्गत हरेक वडामा एक वडा सदस्यको अगुवाइमा **वडा लैङ्गिक हिंसा उन्मूलन समिति** र समुदायमा **महिला हिंसा उन्मूलन समूह निर्माण** गर्ने । | हिंसाको जोखिममा रहेका महिला तथा हिंसा पीडित महिला | न.पा | UN Women | | | १ वर्ष भित्र | प्रतिकार समूह निर्माण तथा परिचालन । |
| | | किशोर किशोरीहरुलाई मदिरा तथा लागु औषध दुर्व्यसन तथा अन्य खराब आचरणबाट मुक्त गराई | किशोर किशोरी | न.पा, | शिक्षक, किशोर किशोरीहरुको | | | ६ महिना भित्र | उर्जाशील किशोर किशोरी |



प्रदिप कुमार यादव
नगर प्रमुख
बौधीमाई नगरपालिका
रौतहट

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | उत्कृष्ठ तथा उर्जाशील नागरिकको रुपमा रुपान्तरण गर्न शिक्षकको अनुवाइमा हरेक विद्यालयमा एक **उर्जाशील किशोर किशोरी समूह गठन** गरी परिचालन गर्ने । | | विद्यालय | लागि काम गर्ने गैसस | | | | समूह गठन तथा परिचालन |
| | | लैङ्गिक हिंसा पीडित तथा उनिहरुमा आश्रित बालबालिकाको लागि अल्पकालीन तथा दीर्घकालीन **सेवा गृहको** व्यवस्था गर्ने । | लैङ्गिक हिंसा पीडित बालबालिका | न.पा | युनिसेफ, प्रदेश सरकार | ✓ | | २ वर्ष भित्र | सेवा गृहबाट सेवा प्रदान । |
| | | न.पा. तथा वडा कार्यालयमा लैङ्गिक हिंसा सहायता कक्षा स्थापना गर्ने । | हिंसा पीडित | न.पा, वडा | UN Women, UNFPA | ✓ | | ६ महिना भित्र | सहायता कक्ष स्थापना । |
| | | लैङ्गिक हिंसामा परेका व्यक्तिहरुको न्यायमा पहुँच प्रवर्धनका लागि आवश्यक सिफारिस उपलब्ध गराउन सहज प्रणालीको विकास गर्ने | हिंसामा परेका व्यक्ति | न.पा | दातृ निकायहरु | ✓ | ✓ | निरन्तर | प्रणालीको स्थापना भएको |
| | | कर्मचारी भर्नामा लैङ्गिक समानता कायम गर्न सकारात्मक विभेद सम्बन्धी कार्यविधि निर्माण । | दलित, मुस्लिम, अपाङ्गता भएका महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक | न.पा | समावेशी आयोग, लोकसेवा आयोग | ✓ | | निरन्तर | कार्यविधि निर्माण । |
| ३. | न.पा.मा लैससाससम्बन्धी एकीकृत सूचना व्यवस्थापन | पलिकाको स्रोत साधन र सेवामा बञ्चितीकरणमा परेको वा बञ्चितीकरणको जोखिममा रहेको वर्गको पहुँच हुने गरी **एकद्वार सूचना शाखाको** स्थापना गरी स्थानीय भाषासहितको सूचना सम्प्रेषण गर्ने । | सम्पूर्ण नगरवासी | न.पा, वडा | सूचना आयोग, | ✓ | ✓ | १ वर्ष भित्र | एकद्वार सूचना शाखाको स्थापना । |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
